# १. सिर्जना परिचय

## १.१ परिचय :

मान्छेका मनमा भाव, संवेदना, उमङ्ग र तरङ्गहरू उठ्दछन् । तिनै तरङ्गहरूलाई शमन गर्ने क्रममा स्रष्टाले कुनै रचना विशेषको जन्म दिन्छ । तिनै रचनाहरूले कुनै मौलिक प्रस्तुतिको ढाँचा पाए पछि कुनै विधाको रूप ग्रहण गर्दछन् । ती विधाहरूमध्ये कविता पनि एक हो । मनमा उठेका तरङ्गलाई उपशमन गर्ने क्रममा म कविता सिर्जना गर्न पुग्छु । यसबाट के स्पष्ट हुन्छ भने मेरा मनका भावना तरङ्गहरू कल्पना र विचारहरू सुयोजित भएको अभिव्यक्तिबाट नै ‘आँसु’ कविता सङ्ग्रह तयार भएको छ ।

## १.२ प्रयोजन :

प्रस्तुत सिर्जनात्मक कविताहरूको रचना त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विषय, स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति एक कविता-सङ्ग्रहका रूपमा तयार पारिएको हो ।

## १.३ सिर्जनात्मक लेखनको उद्देश्य :

निजी अध्ययन र अनुभव अनुसार सिर्जनात्मक कविताहरूको रचना गरी आफ्ना पच्चीस वटा गीति गद्य कविताहरूको एउटा सङ्कलन तयार गर्नु र पाठकमा भाव संप्रेषित गर्नु पनि यस सिर्जनात्मक कवितालेखनको उद्देश्य रहेको छ ।

## १.४ सिर्जनात्मक लेखनको औचित्य :

सिर्जना कलाले व्यक्तिभित्रको क्षमतालाई बाह्यीकरण गराउने वा प्रतिभा प्रस्फुटित गराउने हुनाले यस सिर्जनात्मक कवितारचनाको औचित्य रहेको छ ।

## १.५ सीमाङ्कन :

यसमा गद्य र गीति शैलीका पच्चीस वटा कविताहरू समावेश गरिएका छन् । ती कविताहरूको व्याख्या र विश्लेषण समेत गरिएको छ ।

## २. साहित्य एवं कविता विधा सम्बन्धी दृष्टिकोण :

साहित्य जीवन र जगत्‌को दर्पण हो। साहित्य एक यस्तो भावनाविशेष हो जसले भाषाका माध्यमबाट जीवनलाई अभिव्यक्त गर्दछ। साहित्य वा काव्य-रचनाको सुरूवातदेखि नै यस विधा प्रति विभिन्न विद्वान्‌हरू र चिन्तकहरूले आ-आफ्ना मान्यताहरू अगाडि सार्दै आएका छन्। जसले (यस रागात्मक विधाले ) अर्काको मनलाई जितेर आँसु या हाँसोले स्वागतको अपेक्षा गर्दछ। यसले एक-अर्का बीचका भावनालाई नजिक ल्याइदिन्छ। साहित्यलाई एक किसिमले जीवनको पर्याय भन्न पनि सकिन्छ।

जीवन सबैभन्दा महत्वपूर्ण र महान् छ। यस महत्त्वपूर्ण जीवनलाई साहित्यले मार्ग-निर्देशन गर्दछ। यही साहित्यले जीवन जिउने कलाको उत्पत्ति गर्दछ। साहित्य वा काव्य मानव मनबाट उत्पन्न हुने गुत्थी हो। यही गुत्थी नै आनन्दानुभूतिको खानी हो जहाँ जीवनजगत्, कल्पनादेखि लिएर वास्तविकतासम्म पुगेको हुन्छ। साहित्य काल्पनिक हुन्छ तर काल्पनिक हुँदाहुँदै पनि साहित्यले वास्तविकताको रूप लिन पुग्छ।

सामान्यतः व्यक्तिले साहित्यका माध्यमबाट आफ्ना भावनाहरू अरूसम्म पुऱ्याउने गर्छ। त्यस सन्दर्भमा उसले प्रायः सकारात्मक पक्षको नै उद्‌घाटन गरेको पनि पाइएला तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन सक्छ। यो यथार्थता हो। साहित्य परिवेश अनुसार सिर्जित हुने भावना हो। त्यसैले स्वतन्त्र हुन्छ र हुनुपर्छ।

## २.१ कविता मान्यता :

कविता वा काव्यको परिचय एवं व्याख्या गर्नुभन्दा पहिले कविको परिचय दिनु आवश्यक हुन्छ, किनभने कविको कर्मलाई नै काव्य भनिन्छ। अर्थात् पहिले कवि अनि मात्र कविता। शब्दार्थअनुसार कुनै विषयको वर्णन गर्ने व्यक्तिलाई कवि भन्न सकिन्छ। कवि शब्द ‘कबृ वर्णे’ वा ‘कुङ शब्दे’ धातुबाट बनेको हो। कवि वास्तवमा द्रष्टा र स्रष्टा दुवै हो। पहिले ऊ तत्त्वहरूको दर्शन गर्छ त्यसपछि तिनलाई हृदयमा धारण गर्छ र कल्पनाको सहायताले शब्दहरूमा व्यक्त गर्छ। यसरी दिव्य दृष्टि, सौन्दर्य चेतना र सहज संवेदनीयताका आधारमा आफ्नो परिवेशबाट उपलब्ध अनुभूतिलाई सशक्त शब्दावलीमा अभिव्यक्त गर्ने व्यक्तिलाई नै कवि भनिन्छ।

कविताको शाब्दिक अर्थलाई लिँदा कविको 'कर्म' वा 'भाव' नै कविता हो भन्न सकिन्छ । यो शब्द 'कवि'+'ता'( 'त'+'आ' ) प्रत्यय लागेर बनेको हो । यसर्थ कविताको तात्पर्य कविको भावना वा कविद्वारा सिर्जना भएको रचना भन्ने बुझिन्छ । अर्थात् अर्को शब्दमा कविता जीवन भोगाइ प्रतिको कलात्मक अभिव्यक्ति हो ।

जीवन प्रतिको सोचाइलाई अभिव्यक्ति दिने विधाहरूमध्ये कविता साहित्यको अत्यन्तै लोकप्रिय विधा हो । जीवनका महत्वपूर्ण पलहरूसँग कविताको साइनु जोडिएको हुन्छ । हरेक व्यक्ति आफैँमा कवि हुन्छ तर जुन व्यक्तिले आफ्नो मनका कुराहरूलाई लयात्मक शैलीबद्ध रूपमा अभिव्यक्त गर्छ, त्यही व्यक्तिको संवेदनीय भाषिक अभिव्यक्ति नै कविता बन्न पुग्छ जसले जीवन भोगाइका महत्वपूर्ण क्षणहरूलाई सहज रूपमा प्रतिबिम्बित गर्दछ ।

त्यसैले कविता यस्तै हुन्छ भनेर ठोकुवाका साथ परिभाषा दिन सकिँदैन र विद्वान्हरूमा पनि मतैक्य पाइँदैन । त्यसैले कविता के हो ? भन्ने बारेमा धेरै विद्वान्हरूले आ-आफ्ना विचारलाई अगाडि सारेका छन् । ती विचारहरूलाई स्पष्टताको निम्ति यहाँ प्रस्तुत गर्दै आफ्नो भनाइ पनि राखेकी छु । विभिन्न विद्वान्हरूका कविता प्रतिका विचारहरू फरक-फरक भए पनि तिनमा भावात्मक समन्वय भने पाउन सकिन्छ ।

## २.२ पूर्वीय कविता मान्यता :

पूर्वीय काव्य परम्पराका आचार्यहरूले कवितालाई चिनाउने क्रममा मूलत : गुण र तत्त्वलाई विशेष महत्त्व दिएर विचार र मान्यतालाई अगाडि सारेका छन् । जसमध्ये केही परिभाषालाई तल प्रस्तुत गरिएको छ :

क) अग्नि पुराण अनुसार-"अभीष्ट भावलाई संक्षेपमा व्यक्त गर्ने पदावली काव्य हो ।"
(उपाध्याय, २०३४ : ७)

ख) आचार्य भामहका अनुसार -"शब्द र अर्थ संयुत्त रूपले काव्य हुन् ।" ( ऐ. ऐ. )

ग) आचार्य दण्डीका अनुसार-"इष्ट अर्थले व्यवच्छिन्न (नापिए-तौलिएको) पदावली काव्यको शरीर हो ।"( ऐ. ऐ. )

घ) आचार्य वामनका अनुसार-"काव्यको आत्मा रीति (शैली) हो ।" ( ऐ. ऐ. : ८)

ङ) आचार्य आनन्दवर्धनका अनुसार-"शब्द र अर्थ दुवै काव्यका शरीर हुन् । काव्यको आत्मा चाहिँ ध्वनि हो ।" (ऐ. ऐ.)

च) आचार्य कुन्तकका अनुसार-" १, कविको कर्म काव्य हो । २, अलङ्कार काव्यका आवश्यक गुण हुन् । ३, काव्यवेत्तालाई आनन्द दिने, कविको चमत्कारपूर्ण अभिव्यक्ति-कौशलले सुस्ठु रूपले निबद्ध रचनामा सुव्यवस्थित शब्द र अर्थ संयुक्त रूपले काव्य कहिन्छन् ।" (ऐ. ऐ. : ९)

छ) आचार्य मम्मटका अनुसार-"दोषरहित,गुणसहित शब्दार्थ काव्य हो । यसमा कहीँ अलङ्कार हुन्छ, कहीँ अलङ्कार नभए पनि काव्यत्वमा हानि हुँदैन ।" (ऐ. ऐ. : १०)

ज) विश्वनाथका अनुसार-"(वाक्यं रसात्मकं काव्यम्) रसिलो वाक्य काव्य हो ।"

(ऐ. ऐ.)

झ) पण्डितराज जगन्नाथका अनुसार-"सुन्दर भाव व्यक्त गर्ने शब्द काव्य हो ।"

(ऐ. ऐ. : ११)

पूर्वीय साहित्य सिद्धान्तका आचार्यहरूको कविता प्रतिको विचार र मतलाई हेर्ने हो भने कवितामा शब्द र अर्थको सफल समायोजन भएको हुन्छ साथै शब्दार्थ रसिलो सुन्दर र रमणीय, ध्वनि निस्कने हुनुपर्छ भन्ने पनि उनीहरूको मान्यता रहेको देखिन्छ ।

आचार्यहरूका परिभाषाहरूलाई समेट्दा कविताको अन्तरङ्ग पक्षमा रसध्वनिवादी प्रवृत्तिलाई महत्त्व दिइएको छ भने यसको बाह्य पक्षमा अलङ्कार, रीति र वक्रोक्तिलाई महत्त्व दिइएको पाइन्छ ।

## २.३ पाश्चात्य कविता मान्यता :

पूर्वीय काव्य परम्पराका विभिन्न विद्वान्हरूले कविता सम्बन्धी आ-आफ्ना मौलिक विचारहरू प्रस्तुत गरे जस्तै कविता प्रतिको विचारलाई अर्थात् कविता के हो ? भन्ने सन्दर्भमा पाश्चात्य साहित्यका विद्वान्हरूले पनि आ-आफ्ना मतहरूलाई अगाडि सारेका छन्, जो निम्न प्रकार छन् :

क) अरस्तुका अनुसार- "कविता निश्चित रूपले छन्दोबद्ध साहित्य हो, यसले जीवनलाई प्रतिबिम्बित गर्छ ।" (उपाध्याय, २०३४ : १३)

ख) वेकनका अनुसार-"कविता शैलीको एक रूप हो, यसको सम्बन्ध भाषणकलासित छ । यो वर्तमानको आदेशमा चल्दैन ।" ( ऐ. ऐ )

ग) ड्राइडनका अनुसार- "कविता भावपूर्ण तथा छन्दोबद्ध भाषामा प्रकृतिको अनुकरण हो ।"

( ऐ. ऐ.)

घ) वर्डस्वर्थका अनुसार-"शान्तिका क्षणहरूमा सुस्मृत अनुभूतिहरूद्वारा उत्पन्न सशक्त भावनाहरूको सहज उद्रेक (उच्छलन) कविता हो ।" (पोखरेल, २०४० : १२५)

ङ) कलरिजका अनुसार-"सुललित शब्दहरूको सर्वोत्तम क्रमविधान या उत्तमोत्तम गुम्फन कविता हो ।" ( ऐ. ऐ.)

च) शेलीका अनुसार-"तीव्रतम दुःखको कथा नै सबभन्दा मीठो गीत हो ।"

( थापा, २०३६ : ४०)

छ) आधुनिक कवि र आलोचक टी. एस. इलियटका अनुसार-"काव्य आत्माभिव्यक्ति होइन अपितु आत्माबाट पलायन हो ।" (उपाध्याय, २०३४ : १५)

यस प्रकार पाश्चात्य दृश्टिमा छन्दोबद्ध तथा सर्वोत्तम क्रम-विधान एवं उत्तमोत्तम गुम्फनको शैलीयुक्त भाषामा प्रकृतिको अनुकरण, सहज तीव्रतम भावको अभिव्यक्ति कविता हो ।

## २.४ नेपाली साहित्यमा कविता मान्यता :

क) माधव घिमिरेका अनुसार-"शब्द र संगीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ, त्यही नै कविता हो ।" (घिमिरे, २०३३ : ३४५)

ख) नाटककार तथा कवि बालकृष्ण समको भनाइअनुसार-"कविता भावनाको बौद्धिक कोमलता हो ।" (सम, २०१२......)

ग) केदारमान व्यथितको भनाइ अनुसार-"तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै कविता हो ।" (थापा, २०३६ : ४३)

घ) नेपाली वृहत् शब्दकोश अनुसार-"कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना नै कविता हो ।"

ङ) देवकोटाका अनुसार-"कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो ।" (देवकोटा, २०३९ : ८७)

उनका अनुसार 'अलंकार चन्द्रोदय' को नियम मुताविक बनाइएका कविता यान्त्रिक श्लोक हुन्, तर ती न कला हुन् न कविता । जब सिर्जनात्मक कल्पना नक्कल गर्नु, उतार्नुबाट उपर उठेर आफ्नो नवीन सपना देख्दछे र आफ्नो शैलीले आफ्नो छिना चलाउँछे त्यहाँ कला निस्कन्छ । न त खालि मौलिकता नै कला हो, यदि काल्पनिक सत्यको सुन्दर क्रिया त्यसमा छैन भने ! सत्य र सुन्दरको सीमाभित्रका रचनाहरूलाई हामी कला भन्दछौँ, यदि तिनीहरूमा जीवनको हृदयलाई (छुने) प्राकृतिक प्रभाव छ भने । न त खालि सपना मात्रै कला हो, किनकि प्रकाशनको क्षेत्रमा नआई सपनाले कलाको रूप धारण गर्दैन । (ऐ.ऐ. ८८-८९)

उपर्युक्त प्रकारको देवकोटाको भनाइअनुसार हामी निम्न प्रकारको बुँदागत निष्कर्षमा पुग्दछौँ :

१) सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन कला हो ।

२) कला वा कविता यान्त्रिक हुँदैन ।

३) नक्कल गर्नुबाट टाढा रहने, नवीन सपना देख्ने, आफ्नो शैलीले कुँदेर सीप भर्ने सिर्जनात्मक कल्पना कला बन्दछ ।

४) काल्पनिक सत्यको सुन्दर क्रिया नभएको मौलिकता कला होइन ।

५) जीवनको हृदय छुने, प्राकृतिक प्रभाव भएका सत्य र सुन्दरका सीमाभित्रका रचनालाई हामी कला भन्दछौँ ।

६) प्रकाशित नभई कल्पनाले कलाको रूप धारण गर्दैन ।

निष्कर्षमा उपर्युक्त नेपाली विद्वान्हरूको परिभाषा हेर्दा भावनाको बौद्धिक हार्दिक कोमलता कल्पना अनुभूति र विचारको लगाममा भावुकता चढेको जीवन जगत्को कलात्मक भाषिक सङ्कथन र शब्द र अर्थको योगात्मक गुम्फन, पद्य वा लयको भाषिक संकथन र अनुभूति स्फूर्त रूपमा प्रकट भएको साहित्यिक रचना नै कविता हो ।

## २.५ निष्कर्ष :

पूर्वीय, पाश्चात्य र नेपाली साहित्य परम्पराका विद्वान्हरूले कविता प्रतिको मान्यतालाई आ-आफ्नै धाराणा र दृष्टिकोण अनुसार अगाडि सारेका छन् । आ-आफ्नै विचार र अभिमतहरू व्यक्त भएका कविता प्रतिका उनीहरूका मान्यताहरू हाम्रा सामु पस्तुत छन् । जे होस्, कविता प्रतिको

विद्वान्हरूको मान्यताले कविता विधालाई एकातिर साहित्यको अग्रपङ्क्तिमा राख्न सहयोग पुगिरहेको छ भने अर्का तिर साहित्यको क्षेत्रमा कवितालाई जीवन्तता पनि प्रदान गरिएको छ ।

कविताका लागि शास्त्रीय छन्द अनिवार्य छैन । किनकि कविता पद्यमा मात्र होइन गद्यमा पनि लेख्न सकिने विधा हो । कविमानसमा जुन प्रकारका भावहरू स्फुरित हुन्छन् तिनको अभिव्यक्ति तदनुकूल शब्दावलीमा पूर्णताका साथ व्यक्त हुनु नै कविताको लागि पर्याप्त हुन्छ । कविता छन्द वा लयमा आवद्ध हुन्छ । लयात्मकताले नै कवितालाई अरू विधाभन्दा पृथक् तुल्याउँछ । त्यसैले गद्यमा होस् या पद्यमा होस् जुन माध्यम भएपनि कवितामा लयको प्रवाह हुनु अनिवार्य हुन्छ ।

वस्तुत : कवितालेखन कार्य एउटा आफैँमा जटिल कार्य हो । जसमा शब्द र अर्थको संयोजनले मात्र कविता सिर्जना हुन सक्दैन । तिनीहरूबीच भावको सुमधुर सम्बन्ध हुनु र लयात्यक एकाग्रता हुनु कविताका आवश्यक तत्त्व हुन् । कवितामा सरल सहज र स्वाभाविक शब्द-चयन वा संक्षिप्त भाषिक समायोजन आवश्यक हुन्छ । जब उल्लेखित तत्वहरूको संयोग हुन्छ तब मात्र एउटा भावना कविता बन्न सक्छ । प्रकृति र मानव जीवनका सेरोफेरोमा आएका मिलन र विछोडका रीतहरूलाई समेट्न सक्ने र वर्तमानलाई मात्र नसमेटेर जन्मभन्दा अघिका र मृत्युभन्दा पछिका यावत् कुराहरूलाई आफ्नो विषयवस्तु बनाई अगाडि बढ्न सक्ने कालजयी साहित्यको एक सशक्त विधा नै मूल रूपमा कविताविधा हो भन्ने अभिमतमा हस्ताक्षर गर्न सकिन्छ र अन्तमा कविता प्रतिको दृष्टिकोण सबै विद्वान्हरूका मान्यतालाई स्वीकार गर्दै आफ्नो पनि अभिमत भन्न मन लाग्छ- “कविता एकाग्र भावुक मनबाट प्रस्फुटित जीवन र जगत् प्रतिको सचेत मानवीय अभिव्यक्ति हो ।”

## ३. कविताका तत्वहरू :

कवितालाई समग्र रूपमा चिन्न चिनाउनका लागि यसका निश्चित तत्वहरूका बोधको आवश्यकता पर्दछ । यसरी हेर्दा यसका कथ्य, विषयवस्तु, भाव आन्तरिक तत्त्व हुन् भने भाषा-शैली, लय, विम्व, प्रतीक बाह्य तत्त्व हुन् । यसका समग्र निजी तत्वका रूपमा रहन्छन् : संरचना, विषयवस्तु, भाव-विधान, लय-विधान, कथन-पद्धति, अलङ्कार वा विम्ब-विधान, व्यञ्जना-विधान, भाषाशैली उद्देश्य र शीर्षक । समग्र रूपमा यिनै तत्वका आधारमा कवितालाई सिङ्गो रूपमा चिन्नका लागि यिनको सविस्तार चर्चा यसरी प्रस्तुत गरिन्छ :

### क) संरचना :

संरचना दुई किसिमको हुन्छ : बाह्य संरचना र आन्तरिक संरचना । बाह्य संरचनामा पाउ, चरण, पंक्ति-पुञ्ज, शब्द-गुच्छको संयोजन गरिन्छ भने आन्तरिक संरचनामा कविको भाव, विचार र अन्तर्लयको क्रमिक, गुणात्मक विकासको प्रक्रिया पर्दछ ।

### ख) विषयवस्तु :

कविता रचनाका लागि चयन गरिएको वस्तु नै कविताको मूल विषयवस्तु हो । यस्तो विषयवस्तु ब्रह्माण्ड भित्रका यावत् वस्तु, मानवीय स्वभाव, प्रवृत्ति, प्राकृतिक वस्तु, धर्म, संस्कार-संस्कृति, देश, समाज, राजनीति र जीवन भोगाइ, हेराइका अनेक पक्ष-विपक्षसँग सम्बद्ध हुने गर्दछ ।

### ग) भाव-विधान :

कविताको मूल तत्व भाव हो । जुन भाव विना कविताको कल्पना पनि गर्न सकिन्न । कवितामा भावलाई मूल मेरुदण्डको रूपमा लिइन्छ । साथै कवितामा भावको उचित संयोजन हुन सक्नु पर्दछ, अनि मात्र कविता उत्कृष्ट बन्दछ ।

### घ) लय-विधान :

संगीतमा ताल भए जस्तै कविताको भित्री संगीत लय हो । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गर्ने गरिन्छ । मानवीय जीवनको गतिको लयलाई समातेर कविताले आफ्नै लयमा मधुर बनाएर प्रस्तुत गर्ने गर्दछ । यस्तो लय-विधानको सृष्टि कवितामा शब्द-गुच्छ, पंक्ति-पंक्ति, श्लोकहरू मिलाएर गर्ने गरिन्छ । गद्यमा भित्री लय-प्रधान बनाएर लेखिएको अन्तर्लय-प्रधान गद्य कविता हुने गर्दछ । लयको उत्कृष्ट आयोजनामै कविता उत्कृष्ट बन्न पुग्छ ।

### ङ) कथन-पद्धति :

कवितामा कविले जुन स्थानमा रहेर आफ्नो अभिव्यक्ति प्रस्तुत गर्दछ त्यस आधारमा कथन-पद्धतिको निक्यौंल गर्न सकिन्छ । जुन कुरालाई दृष्टिबिन्दु पनि भनिने गरिन्छ । यस्तो कथन पद्धति वा दृष्टिबिन्दु प्रथम पुरुषको म, हामी, सर्वनामको प्रयोग गरेको आन्तरिक दृष्टिबिन्दु हुने गर्दछ जसमा कविले कवितामा आफ्नो वर्णन गरिरहेको आत्मालापको आत्मगुञ्जन प्रमुख हुन्छ भने बाह्य दृष्टिबिन्दुमा तृतीय पुरुषको सर्वनामको प्रयोग गरिएको हुन्छ जसमा कविले कवितामा आफ्नो वर्णन नगरेर अर्काको वर्णन गरिरहेको हुन्छ । जुनमा कविले देखेका कुरालाई विषयवस्तु बनाउने गर्दछ ।

**च) अलङ्कार वा बिम्ब विधान :**

कुनै पनि कवितामा कविले भाव सौन्दर्य दृष्टि गर्न सक्नु पर्दछ । यसका लागि कविले कवितामा अलङ्कार र बिम्बको उचित समुचित आयोजन समायोजन गर्न सक्नु पर्छ । अनि मात्र कविता उत्कृष्ट बन्दछ । यस क्रममा कवितामा अलङ्कार, बिम्ब, प्रतीक कविताका अनिवार्य तत्त्व बन्न पुग्दछन् ।

**छ) व्यञ्जना विधान :**

कवितामा सोझो अर्थ लाग्ने भाषा मात्रै प्रस्तुत गर्नु हुँदैन । यसमा त व्यञ्जनाले बुझाउने वाच्यार्थ लक्ष्यार्थ पछिको व्यञ्जना-अर्थ ध्वनि प्रकट गराउन सक्नुपर्दछ अनि मात्र कविता उत्कृष्ट बन्दछ । यस्तो व्यञ्जना शक्तिको संयोजन कवितामा हुन सक्नुलाई नै व्यञ्जना विधान भनिन्छ ।

**ज) भाषा शैली :**

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ । यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मकता, लयमयता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो । त्यो शैली सूक्ष्म र संक्षिप्त कलात्मक हुन सक्नुपर्दछ । कवितामा स्तरीय भाषाको प्रयोग उचित मानिन्छ । जसले उत्कृष्ट भाव बहन गर्न सकोस् । यस किसिमको भाषा शैली कविताको मूल तत्त्व हो । यो भाषा शैली पद्यात्मक गद्यात्मक दुवै हुने गर्दछ ।

**झ) उद्देश्य :**

कुनै विषयवस्तुमा आधारित भएर भावले भरिपूर्ण अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्नु नै कविताको उद्देश्य हो । यस्तो उद्देश्य कविताभित्र सार्थक समुपयुक्त प्रभावात्मक र आकर्षक भएको हुनु पर्दछ । कविताले मूल्यपरक सन्तुष्टिजन्य भाव प्रसारित गर्न सक्नु पर्दछ । यिनै कुराहरूको कविताभित्र संयोजन हुनु नै कविताको उद्देश्य-विधान हो भन्न सकिन्छ ।

**ञ) शीर्षक :**

कविताभित्र अनेक संरचना हुन्छन् । कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनोट गर्दछ । जुन शीर्षकभित्र समग्र विषयवस्तु अटाएका हुन्छन् ।

## ३.१ नेपाली कविताको विकासक्रम :

### ३.१.१ पृष्ठभूमि :

नेपाली भाषा भारोपेली भाषा परिवारको भारत इरानेली शाखाबाट संस्कृत, प्राकृत, अपभ्रंश हुँदै खस अपभ्रंशबाट विकसित भएको भाषा हो । यो समय इशाको ५०० देखि १००० सम्मको समय हो । जति बेला अपभ्रंशबाट भारतीय भाषा हिन्दी, बंगाली, भोजपुरी, अवधी र नेपाली भाषाको पनि उद्भव भएको हो ।

यसरी उत्पत्ति भएको नेपाली भाषाको उत्पत्ति स्थल जुम्लाको सिंजालाई मानिन्छ र हालसम्म उपलब्ध यस भाषाको प्राचीन अभिलेख वि.सं. १०३८ को राजा दामुपालको दुल्लु अभिलेख फेला परेको छ । ( गैरे र आचार्य, २०५९ : ३३७ )

नेपाली भाषाको प्राचीन रूपलाई हेर्दा यो भाषा जन-जनका बीचमा कथा लोक-श्रुति, जन-श्रुतियुक्त लोकगीत, लोककथा तथा प्राचीन चाँचरी गीत जस्ता लोक-साहित्यका वाणीको साधन भई प्रस्फुटित भएको भेटिन्छ । यसरी नेपाली भाषा प्राचीन कालदेखि अहिलेसम्म लोकको अभिव्यक्तिका रूपमा जीवन्त छ ।

यसप्रकार वि. सं. १००० भन्दा पूर्वको नेपालीभाषी समाज लोकश्रुतिको मौखिक अभिव्यक्ति गर्ने रूपमा आधारित थियो भने यसपछिको समय लेख्य रूपमा अभिलेख कालीन भाषाको समयका रूपमा १०३८ देखि १४१३ सम्मको समय देखापर्छ । यसपछि प्राचीन ग्रन्थहरूको समय शुरू हुन्छ । विशुद्ध व्यवहारपरक ज्ञानसँग सम्बन्धित खण्ड खाद्य, भास्वती, बाजपरीक्षा आदि जस्ता ग्रन्थहरू देखापर्छन् ।

### ३.१.२ नेपाली कविताको काल विभाजन :

नेपाली साहित्यको काल विभाजनमा विभिन्न मत-मतान्तर रहे जस्तै नेपाली कविताको काल विभाजनमा पनि विभिन्न मतमतान्तर रहेका छन् । यसको विभाजनमा विद्वान्हरूका अनेक मत छन् तापनि पाठ्यक्रमीय मान्यता अनुसार यसको विभाजन निम्नाअनुसार गरिन्छ :

१) प्राथमिककाल १८२६-१९४० सम्म

(क) वीरकाल १८२६-१८७२

(ख) भक्तिकाल १८७३-१९४०

(अ) कृष्ण भक्ति धारा

(आ) राम भक्ति धारा

(इ) निर्गुण भक्ति धारा

(२) माध्यमिक काल १९४१-१९७४

(३) आधुनिक काल १९७५-हालसम्म

(क) पूर्वार्द्ध १९७५-२०१६

(अ) परिष्कारवादी धारा १९७५-१९९०

(आ) स्वच्छन्दतावादी धारा १९९१-२०१६

(ख) उत्तरार्द्ध २०१७-हालसम्म

(अ) प्रयोगवादी धारा २०१७-२०२९

(आ) समसामयिक धारा २०३०-हालसम्म

## नेपाली कविताको आधुनिक काल

नेपाली कवितामा आधुनिक कालबारे विद्वान्हरूका विभिन्न मत-मतान्तरहरू रहेका छन् । जस- मध्ये कसैले २०१७, कसैले२००८ र कसैले १९९१ को समयलाई आधुनिक काल भन्ने गरे पनि पाठ्यक्रमले अँगालेको र केही विद्वान्हरूले मान्ने गरेको नेपाली कविताको आधुनिक काल र यसका धारा उपधाराहरूलाई यस प्रकार हेर्न सकिन्छः

(क) परिष्कारवादी धारा १९७५-१९९० सम्म

(ख) स्वच्छन्दतावादी प्रगतिवादी धारा १९९१-२०१६ सम्म

(ग) प्रयोगवादी धारा २०१७ देखि २०२९ सम्म

(घ) समसामयिक धारा २०३० देखि वर्तमानसम्म

यी चार धाराहरूमध्ये परिष्कारवादी धारामा वस्तुनिष्ठ, बौद्धिक रूपमा सचेत, संयमित तथा परिष्कृत काव्यचेतनाको विशेष उन्मेष पाइन्छ । यस धाराका प्रमुख कविहरूमा लेखनाथ पौड्याल, सोमनाथ सिग्देल र बालकृष्ण सम हुन् ।

हार्दिकता र प्राकृत सहज स्वतः स्फूर्त आत्मपरक अभिव्यक्तिमा स्वच्छन्दतावादी धाराले विशेष जोड दिएको देखिन्छ । वर्णनात्मकतामा भन्दा व्यञ्जनात्मकतामा र शैलीशिल्पको कृत्रिमतामा भन्दा सहजतामा यस धाराले जोड दिएको पाइन्छ । स्वच्छन्दतावादी कविताले प्रकृतिको आत्मपरक चित्रण गरी सभ्यताको मूल स्रोतका रूपमा यसलाई लिइएको हुन्छ । यस धाराले औद्योगिक पराकाष्ठा, सामन्ती ग्रामीण समाज र नागर सभ्यताको विरोध गरेको पाइन्छ । ग्रामीण तथा जनजातीय सभ्यताप्रति यो उन्मुख भई विद्रोह एवं जागरणको स्वर सुसेलेको पाइन्छ । यस कविता धाराका प्रतिनिधि र केन्द्रीय प्रतिभा लक्ष्मीप्रसाद देवकोटा हुन् । यस कविताधारा अन्तर्गतका गद्य कविमा कवि गोपालप्रसाद रिमालको विशेष भूमिका छ । यस धाराका अन्य प्रमुख कविहरूमा सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधवप्रसाद घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, हरिभक्त कटुवाल, कञ्चन पुडासैनी, म.वी.वि शाह, अगम सिंह गिरी, पोषण पाण्डे, परिजात, बासु शशी, कालीप्रसाद रिजाल आदि हुन् ।

नेपाली प्रयोगवादी कविताले जीवनदृष्टि र लेखनमा आएको पाश्चात्य नवीन दृष्टिलाई यहाँको सन्दर्भमा अँगालेको पाइन्छ । विसङ्गति र अस्मिताको जीवनदृष्टि अँगाल्ने अवचेतन लेखनका अमूर्त अभिव्यक्तिका सम्भावनाको उपयोग यस कविता-धारामा भएको पाइन्छ । स्वतन्त्र साहचार्यका आन्तरिक संरचनामा गरिएको यो अनुभूतिगत तत्क्षणताको अभिव्यक्ति समष्टि प्रभावमा संवेद्य हुने गर्दछ । नेपाली प्रयोगवादी कविताका मूल स्तम्भका रूपमा मोहन कोइरालालाई लिइन्छ । त्यस्तै आयामिक कवि वैरागी काइँला र ईश्वर बल्लभ पनि स्मरणीय छन् । निष्कर्षमा प्रयोगवादी कवितामा सम्प्रेषण संकट र दुरुहताको सम्भावनासहित नव कविता-सौन्दर्यको वरण पाइन्छ ।

प्रयोगवादको सम्प्रेषणगत असन्तुष्टिद्वारा नेपाली कवितामा २०३० का दशकमा विभिन्न नयाँ प्रयासहरू देखा पर्न थाले । प्रयोगवादको दवदवाले स्वच्छन्दतावादी र परिष्कारवादी धारा थिचिएकोमा यसैको प्रतिकिया स्वरूप समसामयिक धाराको सुरुवात भयो । यसले स्वच्छन्दतावादी-प्रगतिवादी धाराबाट कतिपय राम्रा प्रेरणा लिई नयाँ सम्प्रेषण कायम गर्ने प्रयास गऱ्यो । मुख्यतः समसामयिक धाराले नेपाली कवितामा पाठकसँग सम्बन्ध र संचारतन्त्रको पुनः स्थापना गऱ्यो । मुक्तकको धनी भई देखा पर्ने यस कविताधाराले सामाजिक विसङ्गति प्रति छेड हानी लोकप्रियता हासिल गरेको

देखिन्छ । यस धाराका सबभन्दा सशक्त एवं लोकप्रिय कवि हरिभक्त कटुवाल हुन् । यस धाराका अन्य स्मरणीय कविहरूमा मीनबहादुर बिष्ट, दिनेश अधिकारी, कृष्ण भूषण बल, अशेष मल्ल, सरुभक्त श्रेष्ठ, किशोर पहाडी, विष्णुविभु घिमिरे, विमल कोइराला आदि हुन् ।

नेपाली कविता-यात्राका सन्दर्भमा पूर्वी र पश्चिमी कविता-चेत तर्फ दृष्टि दिँदा माध्यमिक कालसम्म (गजल-प्रयोगको पश्चिम एशियाली प्रभाव परेको सन्दर्भका बाहेक) आधुनिक कालको प्रथम चरणको लेखनाथ धारासम्म पूर्वीय कविताचेत नै बढी उत्प्रेरक रहेको देखिन्छ । आधुनिक कालको दोस्रो चरणका देवकोटा-धारादेखि पश्चिमी कविता-चेतको समेत गरी दोहोरो उपयोग भइरहेकोमा आधुनिक कालको तेस्रो चरण (मोहन कोइराला र आयामिक कविहरूमा) देखि पाश्चात्य कविहरूले नेपाली कविहरूलाई बढी प्रभावित पारेको देखिन्छ तथा यसै कालको चौथो चरणको समसामयिक धारा पश्चिमको प्रतीकवादी, प्रतीकवादोत्तर अवचेतन वा अमूर्त लेखनका प्रभावबाट मुक्त भए पनि पश्चिमी यथार्थवादी प्रगतिवादी गद्य कविताका व्यङ्ग्यधर्मी प्रभाववृत्तभित्र नै अझसम्म रहिरहेको पाइन्छ ।

## ४. गद्य कविताको सामान्य परिचय

### मुक्त लय : गद्य कवितामा प्रयुक्त

शास्त्रीय छन्दका विरूद्ध आवाज उठेको भानुभक्तका समयदेखि हो । भानुभक्तले शास्त्रीय नियमको बहिष्कार गरी छन्दलाई लोकलयको साँचामा ढाल्ने प्रयास गरे । मोतीराम भट्ट र उनको मण्डलीले नेपाली काव्यमा गजलको प्रयोग गरेर एक प्रकारले शास्त्रीय छन्दको विरोध गरेका हुन् । यिनले छन्दमा नवीनता र विविधता प्रदान गरेका हुन् । समले छन्दको शास्त्रीय बन्धनको विरोध गरेर कविता र नाटकमा अनुष्टुप छन्दको प्रयोग गरे ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले लोकलयलाई आधार मानेर 'मुनामदन' खण्डकाव्यको रचना गरे । यस सन्दर्भमा 'कुञ्जिनी', 'वसन्ती', र 'ह्मेन्दु' उनका उल्लेखनीय काव्य-कृति हुन् । यसरी शास्त्रीय छन्दको विरोधको प्रारम्भ भानुभक्तकै समयदेखि हुँदै आएको देखिन्छ । यसबाट शास्त्रीय छन्दको विरोध एक्कासि नभएर कमिक र स्वाभाविक रूपमा विकसित भएको देखिन्छ । बालकृष्ण समले 'आगो र पानी' खण्डकाव्य र 'चिसो चूल्हो' महाकाव्यको रचना मुक्त छन्दमा गरेका छन् । लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठले आफ्ना उत्कृष्ट कविताहरूको रचना मुक्त छन्दमा

गरेका छन् ।  नाटककार र कवि गोपालप्रसाद रिमालले शास्त्रीय छन्दको विरोधस्वरूप नेपाली काव्य विधामा सर्वप्रथम गद्य कविताको प्रयोग गरेका हुन् ।

शास्त्रीय छन्दमा नलेखिएर गद्यविशेषमा लेखिएको कवितालाई गद्य कविता भन्ने चलन नेपाली साहित्यमा छ । अचेल गद्यको अत्यधिक प्रचलन र लोकप्रियताले गर्दा गद्य कवितालाई केवल कविता शब्दको व्यवहार भएको पनि पाइन्छ । गद्यमा लेखिएको रचनालाई मुक्त छन्दको नामले अभिहित गरिएको पाइन्छ । कसैले यसलाई छन्दमुक्त पनि भनेका छन् । हिन्दीका प्रयोगवादी कवि अज्ञेयले यसलाई 'छन्दयुक्त' र 'छन्दहीन'को बीचको अवस्थालाई लिएका छन् । (अज्ञेय, वाराणसीस्थित ज्ञानमण्डलद्वारा प्रकाशित 'हिन्दी साहित्य कोश' भाग १ बाट उध्दृत पृ. ३२१) उनको विचारअनुसार 'छन्दमुक्त' अर्थात् छन्ददेखि मुक्त पनि होइन, छन्दयुक्त भनेर शास्त्रीय छन्दको निर्वाह भएको अर्थमा पनि होइन । नेपालीमा समालोचक श्री यदुनाथ खनालले शास्त्रीय छन्ददेखि मुक्त भएको कवितालाई "स्वतन्त्र कविता" र स्वतन्त्र छन्दको संज्ञा दिएका छन् । ( खनाल, २००३ :४१ ) कवि र समालोचक जगदीश शमशेरले गद्यमा लेखिएको कवितालाई 'मुक्तक छन्द' को संज्ञा दिएका छन् । ( थापा, २०३६ : ३०४ ) कुनै खास छन्दको कठोर बन्धन वा नियन्त्रण नभएर मुक्त प्रकारको हुने हुनाले मुक्तक छन्द भन्नु उपयुक्त देखिन्छ ।

**गद्य कविता :**

सामान्य रूपमा गद्यमा लेखिएको कवितालाई गद्य कविता भनिन्छ । यसमा शास्त्रीय छन्दको बन्धन हुँदैन । अर्को शब्दमा, गद्य कविता शास्त्रीय-छन्द-मुक्त हुन्छ । कविताको परिवेश र भावभूमि अनुसार यसको आफ्नै सौन्दर्य-चेतना र शिल्प-संयोजन हुन्छ । कविताको गति र यति तथा ताल र लयमा स्वतः स्फूर्तता र प्रवाह-पूर्णता हुन्छ । अर्को शब्दमा, कविताको रूप र स्थितिमा गत्यात्मकता र संवेद्यता हुन्छ । जगदीश शमशेरको शब्दमा-"मुक्तक छन्दमा लेखिएको कविताको आत्मनिहित आकृति हुन्छ अर्थात् यस छन्दको आविष्कारभित्र नै यसको नियम र आकृति अन्तर्भूत हुन्छ ।" (थापा, २०३६ :३०६ )

## ४.१ झ्याउरे गीति कविता :

झ्याउरे लोक-लय वा लोक-गीतको एउटा प्रकार हो । लोक-गीतलाई सात सालअघि ग्राम्य गीत भनिन्थ्यो तर अचेल यसको लागि लोक-गीत शब्द ज्यादै प्रचलित भएको छ । झ्याउरेको प्रयोग

माध्यमिक कालको 'लहरी' काव्यमा निकै प्रचलित भयो, महाकवि देवकोटाले पछि झ्याउरेलाई 'मुनामदन'मा रसात्मक र कलात्मक रूपमा प्रस्तुत गरे ।

गण वा मात्राको रूपमा झ्याउरेको सीमाङ्कन र विश्लेषण गर्न सकिन्न । आवश्यकता र विभिन्न ठाउँमा गाउँने परिपाटीका आधारमा यसको रचना हुन्छ । यस आधारमा साधारण दृष्टिले छोटो, लामो र मझौला झ्याउरेका यति नै गण वा मात्रा हुन्छन् भन्न सकिन्न तापनि मूलतः झ्याउरेमा दुई पाउका दुई पंक्तिको एउटा श्लोक हुन्छ । लोकगीतको रूपमा प्रचलित भएको झ्याउरेको पहिलो पाउ आधारभूमिका रूपमा प्रयोग भएको हुन्छ । श्लोकमा भनिने सारभूत कुरा दोस्रो वा अन्तिम पाउमा व्यक्त गरिएको हुन्छ । नेपाली काव्य-विधामा लोक-छन्द वा लयका रूपमा प्रचलित भएको झ्याउरेमा पहिलो पाउलाई आधारभूमि र दोस्रो पाउमा मूल कुरा भनिने प्रवृति मात्र पाइन्न दुवै पाउको पूर्ण रूपले अविभाज्य सम्बन्ध रहेको पनि हुन्छ ।

'मुनामदन'मा प्रयोग गरिएको झ्याउरेमा दुई पाउको एउटा श्लोक हुन्छ । यसका प्रत्येक पाउमा सोह्र अक्षर छन् । पाँचौ, दशौँ र सौह्रौँ अक्षरमा विश्राम हुन्छ । यसरी प्रत्येक पाउमा तीन विश्राम  हुन्छन् ।

क्षत्रीको छोरो,यो पाउ छुन्छ, घिनले छुँदैन,
मानिस ठूलो, दिलले हुन्छ, जातले हुँदैन ।

झ्याउरेमा १४,१६,१८,२० अक्षरसम्म भएका विभिन्न पाउको प्रयोग गरिएको पाइन्छ । गण र मात्रा नचाहिने हुनाले आवश्यकता हेरेर विभिन्न स्थानविशेषको परिपाटीमा यसको रचना भएको देखिन्छ । (थापा, २०३६ : २९७, २९८ र २९९) यही मान्यता अनुसार दानव, टुहुरा, कर्म, बुझ्नै सकिएन, फूल, बागमती, कुलत, अंश, जन्मभूमि, न लडौँ हामी, जस्ता शीर्षकका कविताहरू रचना गरिएका छन् ।

## ४.२ शिल्प :

कुनै पनि कुरालाई व्यक्त गर्ने तरिका वा कलालाई शिल्प, शैली भनिन्छ । यो त्यो गुण हो मानिसको, जसबाट ऊ आफू कस्तो छु भनेर उसका वरपरका वस्तुस्थितिलाई बुझाउन सक्छ । आफूलाई अरू समक्ष प्रस्तुत गर्ने कला नै शिल्प हो । प्लेटो भन्छन्- "जब विचारलाई तात्विक रूप या आकार दिइन्छ तब शैलीको उदय हुन्छ ।" (पोखरेल, २०४० : १२१)

तसर्थ साहित्यकारले आफ्नो विचारलाई शब्द-रूप दिएर अरू समक्ष प्रस्तुत गर्दा शैलीको प्रयोग गर्छ । कवितामा पनि आफ्नो शैलीद्वारा कवि आफ्ना भाव र विचारलाई प्रकट गर्छ । र त्यही शैली अपनाउँदा कविताको र कविको एक प्रवृत्ति या एक धार बन्ने हुन्छ ।

नेपाली साहित्यमा हेर्ने हो भने विशेषतः पद्य शैलीबाट सुरू भएको नेपाली कविता-परम्पराले धेरै कालसम्म छन्द, लय र रसलाई कविता तत्व मान्दै त्यस्तै शैली र शिल्पमा कविताहरू रचना गर्दै आएको थियो । वार्णिक र मात्रिक छन्दमा केही सीमित विषयवस्तु र प्रवृत्ति बोकेर उम्रदै गरेको कविताको पालुवा अब झर्ने स्थितिमा आइसकेको छ । कारण अब त्यो पालुवा नभएर वृक्ष बन्न खोज्दैछ र नयाँ पालुवाहरूले चाँडो होस् या ढिलो अवश्य पनि पुराना पालुवा झार्ने गर्छन् । आजको युगमा आई पुग्दा कविताले आफूलाई अत्यन्त सहज र सुबोध्य बनाउँदै लगेको छ । भाषा क्लिष्ट भए पनि कविता छन्दसूत्रमा बाँधिनु पर्छ भन्ने पुरातनवादी मान्यतालाई त्याग्दै अति सरल र सहज भाषामा कविता लेख्ने परम्परा बसिसकेको छ । आजका काव्य-कृतिहरूमा कविता कविका लागि मात्र नभएर पाठकका लागि पनि हुनुपर्छ भन्ने मान्यता विकसित हुँदै गएको आभास हुन्छ । आज कविताले जुन धार र प्रवृत्ति अपनाए पनि कविताहरू पाठकहरूलाई ध्यानमा राखेर लेख्न थालिएको छ ।

यसै मान्यतालाई पछ्याउँदै हाल नेपाली कवितामा देखिएका गद्य शैलीलाई अँगालेर मेरा रचनाहरू पनि सरल र सुबोध शैलीमा लेखिएका छन् । "कविको छन्द भुलभुलावट होस् न कि तगण र औंला-गनाइ, कवि बोलाओस् जसरी चराहरू बोल्छन् न कि वस्तादहरू कसरत गर्छन्, हृदयले हृदयलाई बोलाओस् कवितामा" ( देवकोटा, २०३९ : २५-२६) भन्ने महाकविको धारणालाई हृदयंगम गर्दै आत्माको सहज अभिव्यक्तिलाई सरल भाषामा उतारिएको छ । क्लिष्ट शब्दहरूले कवितामा बौद्धिकता थप्दैनन्, न यसले (प्रयोगले) त्यसको स्तर बढाउँछ । यस अर्थलाई बुझ्दै हृदयका विचारहरूलाई जस्ताको तस्तै शब्द-रूप दिएकी छु ।

कुनै शिल्पी साहित्यकार वा कविले जस्तै कुनै विशेष धार या प्रवृत्तिमा कविताहरू रचना गर्न असमर्थ भए पनि आफ्ना मनका भावहरू उतार्ने जमर्कोमा कुनै एक कविताले एक विन्दु भेटेको छ भने कुनै कविताले अर्को छेउ समाउन पुगेको छ । कुनै प्रवृत्ति वा विशेषतामा अड्कनुभन्दा पनि स्वतन्त्र भएर लेख्नु आफ्नो सिर्जनामा न्याय हुने मेरो मान्यता रहेको छ । तर पनि प्रगति-उन्मुख कविताहरूले समाजलाई केही यथार्थबोध दिन सक्ने ठानी त्यही अनुरूपका कविता रचना गरेकी छु । मेरा रचनाहरू छन्दोमुक्त छन् ।

विम्ब र प्रतीकको समुचित प्रयोग, कविताको शैलीगत भाषा– प्रचलित शिल्प र सरलतम शब्दहरूको संयोजन, मेरा रचनामा देखिने विशेषता होलान् ।

आकारका दृष्टिले हेर्ने हो भने फुटकर कविताको सीमामा बसेर सङ्ग्रहभित्रका कविताहरू रचिएका छन् भने यहाँ केही गीति र गद्य कविता पनि रहेका छन् ।

## ५. सङ्गृहीत कविताहरू प्रतिको मन्तव्य :

प्रस्तुत सिर्जनात्मक लेखन अन्तर्गत गीति तथा गद्य-लयका कवितामा आबध्द पच्चीस वटा रचनाहरूको संग्रह तयार भएको छ। तिनको नाम 'आँसु' कविता-सङग्रह राखेकी छु।

यी पच्चीसवटा रचनाहरू मध्ये 'धर्ती', 'अस्तित्व', 'मौन', 'खेलौना', 'स्वतन्त्रता', 'आँसु', 'अर्ती', 'देश', 'खै के परिवर्तन भयो ?', 'विज्ञान', 'हिमाल', 'शुभकामना', 'सिक', 'सजिलो' शीर्षकका कविताहरू छोटा पङ्क्ति-विधानमा गद्य-लयमा रचित छन् । 'टुहुरा', 'दानव', 'कर्म' सोह्र अक्षरमा रचित गीति-लयका कविता हुन् । 'बुझ्नै सकिएन', 'फूल', 'बागमती', 'कुलत', 'अंश' 'जन्मभूमि' र 'न लडौं हामी' शीर्षकका कविताहरू चौध अक्षरे, झ्याउरे गीतिलयमा रचित छन् भने 'समय' शीर्षकको कविता एघार अक्षरे छोटो पङ्क्ति-विधानको छ । गद्य कविता गेयात्मक बन्न आवश्यकता अनुसार अनुप्रास, पङ्क्तिबद्धता, मितव्ययी सहज शब्दप्रयोग, स्वतः भएका छन् । लयात्मक भाव-प्रवाहका लागि उपयुक्त पदावलीको प्रयोगमा ध्यान दिएकी छु ।

अध्ययनका क्रममा स्वच्छन्दतावादी-प्रगतिवादी कविहरूका कविताहरूको अध्ययन स्वतः हुने नै भयो । समसामयिक कविहरूका कविताहरू पनि नहेरी रहन सकिएन । साहित्यका विद्यार्थीहरूले पूर्वज साहित्यकारहरूका साहित्यको अध्ययन गरेकै हुन्छन् । विश्वसाहित्यको नै अध्ययन गर्ने वर्तमान समयमा कवि, साहित्यकारहरूको प्रभाव विश्वभरि नै फैलिन सक्ने हुनाले अचेत रूपमै कुनै पनि कवि साहित्यकारहरूको प्रभाव कुनै लेखकमा आइपर्नु स्वाभाविक प्रक्रिया हो ; त्यो त्यस्तो कुनै दुर्घटना होइन । यी साना-साना कवितामा पनि कुनै कवि कलाकार तथा गुरुहरूको समेत प्रभाव भेटियो भने पनि संयोगकै कुरा मान्नुपर्छ । सुनमा सुगन्ध ठान्नुपर्छ । यसरी नै नयाँ संयोजन र कलाको पुनः-सृजन हुन्छ । यिनै मान्यताहरू लिएर आफूले देखे-सुनेका, भोगेका, अनुभव गरेका, समसामयिक कुराहरू समेटिएर यो कविता-सङ्ग्रह लेख्ने भाव प्रवाहित भएर आएको छ ।

'आँसु' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये केही कविताहरूमा विद्रोहात्मक द्वन्द्वले निम्त्याएको भयावह हत्या र हिंसाले ग्रस्त अशान्त जनजीवनलाई विषयवस्तु बनाइएको छ । नेपाली

भाइभाइ-बीच भएको काटमार तथा हत्या हिंसाले मुलुकलाई रसातलमा पुऱ्याउन खोजेकोले यस्ता कार्यको अन्त्य हुनुपर्ने भावहरू कवितामा व्यक्त भएका छन् । धर्ती, मौन, देश, खै के परिवर्तन भयो ?, विज्ञान, दानव, खेलौना जस्ता कविताहरू देशमा जनयुद्धका नामले चलेको हिंसात्मक द्वन्द्वले जनजीवनमा पारेका दुस्प्रभावमाथि प्रकाश पारी लेखिएका कविताहरू हुन् ।

अस्तित्व, अंश, न लडौं हामी, शीर्षकका कविताहरूमा नेपाली जनताहरू आफ्नो अस्तित्वको ख्याल नगरी लुछाचुडी गर्नतिर तम्सेको अवस्थालाई विषयवस्तु बनाइएको छ । आपसी झगडा र भाग-बण्डाका कारण नेपाल र नेपालीको अस्तित्व नै समाप्त हुने सम्भावना भएकाले यस्ता कार्यको कल्पना पनि गर्न नहुने भावहरू यी कविताहरूमा व्यक्त गरिएका छन् ।

'शुभकामना,' 'सिक,' 'समय' शीर्षकका कविताहरूमा आजका विद्यार्थी भाइ-बहिनीमा आएको पढाइ प्रतिको अनाकर्षण, रूपैया पैसा खर्च गर्ने प्रवृत्ति, अल्छीपन आदिलाई विषयवस्तु बनाइएको छ । अल्छीपना र खर्चिलो स्वभावले जीवन सफल नहुने हुनाले विद्यार्थीहरूले पढ्न लेख्न अथवा आफ्नो अध्ययन तिर मन लगाऊन् भनेर प्रस्तुत कविताहरू रचिएका हुन् ।

प्राकृतिक सौन्दर्यको वर्णनले बालबालिकालाई मनोरञ्जन र उपदेश पनि दिने हुनाले प्राकृतिक विषयवस्तु बनाएर 'फूल', 'हिमाल' शीर्षकका कविताहरू लेखिएका हुन् । फूल, हिमाल जस्ता प्राकृतिक वस्तुहरूको नाश गर्नु हुँदैन । तिनीहरूलाई जोगाइ राख्नु हाम्रो कर्तव्य हो । प्रकृति नै हाम्रो धन हो । यसले देशको शोभा बढाउँछ भन्ने आशय व्यक्त गर्न प्रस्तुत कविताहरू रचना गरिएका छन् ।

बागमतीमा बग्दै गरेको दुर्गन्धित घिनलाग्दो पानी देखेर पहिलेको बागमतीको र अहिलेको बागमतीको फरक अवस्थालाई विषयवस्तु बनाई 'बागमती' शीर्षक कविता लेखिएको छ । मानिसले प्रकृतिको सदुपयोग गर्न नजान्दा बागमती दुर्गन्धित भएको हो । प्रकृतिलाई जोगाइराख्नु मानिसको परम कर्तव्य हो । यसैले नदीनालामा ढल मिसाउनु, जताततै फोहोर गर्नु हुँदैन । नदीनाला सफा राख्नु पर्छ, नत्र खाने पानी पनि पाइँदैन भन्ने भाव व्यक्त गर्ने प्रसङ्गमा प्रस्तुत कविताको रचना गरिएको हो ।

आज स्कूल क्याम्पस लगायत निजी, सार्वजनिक-स्थल समेत, सबै क्षेत्रमा जताततै बालक-युवक-वृद्ध सबै वर्गका मानिसहरूले धुम्रपान मद्यपान लागू-औषध लगायतको प्रयोग गरेको देखेर

यसको सुधारको अपेक्षा गरी, गाँजा-भाङ, जाँड-रक्सी लगायतलाई नै विषयवस्तु बनाई 'कुलत' शीर्षक कविता लेखिएको छ ।

आफूले जानेबुझेको समयका मानिसहरूको व्यवहार, गतिविधिलाई विषयवस्तु बनाई 'सजिलो' शीर्षक कविता लेखिएको छ । देखेको सुनेको कुरा बोल्न नहुने, ढाट्ने-छल्ने, चाकडी-चाप्लुसी गर्ने नै अगाडि बढ्ने गरेको यथार्थ वर्णन गर्न प्रस्तुत कविताको रचना गरिएको छ । सोधिएका  प्रश्नको जवाफ दिंदा समेत पनि नम्बर नपाएको तीतो अनुभवले गर्दा पनि प्रस्तुत कविता रचना गरिएको हो । यस्ता बेमेल कार्यहरू समाज, संघ-संस्था, कार्यालय जताततै भइरहेको अनुभव ताजै भएकाले यस्तो कार्य नहोस् भन्नाका लागि 'सजिलो' शीर्षक कविता रचिएको छ ।

'टुहुरा' शीर्षक कवितामा २०५८ साल जेठ १९ गतेको राजदरबार घटनाको स्मरण अनुसार सोही ऐतिहासिक षड्यन्त्रमूलक राजनीतिक दुर्घटनालाई विषयवस्तु बनाइएको छ । सुरक्षाको घेराभित्र बस्ने राजपरिवारको त सुरक्षा भएन, कसले कसरी माऱ्यो थाहा भएन भने साधारण जनता अथवा ईश्वरका भरमा बाँच्ने मानिसको अवस्था कस्तो होला सोच्न पनि कठिन भएको स्मरण गर्दै गर्भको शिशुले पनि धर्ती टेक्न नपाएको कारूणिक अवस्था कवितामा चित्रण गरिएको छ । यस्ता जघन्य अपराध गर्ने गराउने माथि कडा कारवाही हुनु पर्ने हो तर कारवाही गर्ने निकाय नै नदेखेर प्रस्तुत कविता रचना गरिएको हो ।

व्यावहारिक जीवनमा आइपर्ने सम्भावित परिस्थितिहरू झल्काउन अनुभवमूलक संवेद्यताका आधारमा 'अर्ती' शीर्षक कविता लेखिएको छ । नीतिपरक अभिव्यक्तिले आफू र आफ्नो समाजलाई पनि बाटो देखाउनेछन् । यस कवितामा नीतिपरक सिद्धान्त, अनुभव-उपदेशलाई विषय वस्तु बनाइएको छ । अर्काको भर गर्न हुँदैन, अगाडि बढ्न आफैले परिश्रम गरेर पढ्नु लेख्नु पर्छ भन्ने भाव व्यक्त गर्न कविता प्रस्तुत  गरिएको छ ।

'कर्म' शीर्षक कविता आफूले दुःख परिश्रम  मिहिनेत गर्दा पनि सन्तोषजनक फल प्राप्त गर्न नसकेको अनुभवलाई आधार बनाएर लेखिएको छ । सफलता पाउने क्रममा बाधा व्यवधान आइ-पर्ने कुरालाई प्रस्तुत गर्दै कर्म र भाग्य-सम्बन्धी विषयवस्तु प्रस्तुत गरिएको छ । भावात्मक द्वन्द्व सामाजिक मान्यतामा आधारित निराशावादी स्वर प्रस्तुत कवितामा छ ।

'बुझ्नै सकिएन' शीर्षक कविता मानिसले मानिसलाई मारेको देखेर लेखिएको कविता हो । मानिस हेर्दा आफू जस्तै हुन्छ तर उसको भित्री रूप चिन्न सकिँदैन । विभिन्न नाता लगाएर सङ्गत

गर्ने र उसले चाहेमा जे पनि गरिरहेको आजको परिस्थितिले झल्काउँछ । अन्योलपूर्ण वातावरण झल्काएर प्रस्तुत कविता रचना गरिएको हो । यसमा मानिस दानवको रूपमा प्रस्तुत भएको विषयवस्तु बनाइएको छ । मानिसले मानिसको सम्मान गर्नुपर्छ । मानिस-मानिसका बीचमा पशुको जस्तो व्यवहार हुनुहुँदैन भन्नका लागि प्रस्तुत कविता लेखिएको हो ।

सिकारको निहुँमा मानिसहरू दानव बनेर जङ्गल पसेका र जो पायो त्यसैको ज्यान लिएको अवस्थाका वातावरण प्रति असन्तुष्टिजन्य भाव प्रकट गर्न 'दानव' शीर्षक कविता लेखिएको छ । संरक्षण र सुरक्षाको अभावमा ईश्वरको अस्तित्व प्रति प्रश्न चिन्ह लगाउँदै जीवजनावर लगायत सबैको सुरक्षा हुनुपर्छ भन्नका लागि प्रस्तुत कविता रचना गरिएको हो ।

## ५.१ कविताहरूको व्याख्या र विश्लेषण :

'धर्ती' कविताको विषयवस्तु सामयिक जनविद्रोहात्मक वातावरण सरल रूपमा अभिधेय अर्थमा  बोधगम्य भए पनि 'धर्ती रुनु' को लाक्षणिक अर्थ सर्म्पूण समाज सर्वसाधारण जनता र विश्वलाई नै यसको असर पर्नु र पीडा प्राप्त हुनु हो । यहाँ लाक्षणिक अर्थ पनि उत्तिकै महत्वपूर्ण रहेको छ । यस्ता नरसंहारका घटना विश्वमा बारम्बार दोहोरिइरहेका छन् । यस्तो हुनु ठीक होइन । विश्वमा शान्ति छाउनुपर्छ भन्ने व्यञ्जना प्रयोजन पनि कविताद्वारा सान्त्वना, आग्रहका रूपमा व्यक्त हुने हुँदा प्रयोजनवती लक्षणा यस कवितामा रहेको छ । कवितामा छाती पिटिपिटी रोइरहेकी भनेर धर्तीलाई मानवीकरण गरिएको छ ।

'अस्तित्व' कवितामा मुसा र ढाडेमा आरोपित गतिविधि संगठन गर्नु, आन्दोलन गर्नु अनि मेल नहुनु, अहम् हुनु, बुद्धि र विवेक नहुनु एवं निर्माण र ध्वंस, मारिनु र रमाउनु, जुधाउनु -ताली बजाउनु , अस्तित्व मेटाउनु र दुनो सोझ्याउनु  जस्ता क्रियाकलाप देखाएर ढाडे (विदेशी) ले अस्तित्व समाप्त, पार्ने कुराको ख्याल नेपाली मुसा (जनता र शासक) मा नरहेको लक्षणाद्वारा झल्काइएको छ ।

'मौन' ध्वनिमूलक व्यङ्ग्य कविता हो । यसले राष्ट्रिय परिवेशको यथार्थ चित्र खिच्दै व्यङ्ग्य विरोधको स्वर घन्काउँछ ।

'खेलौना' बालबालिका  र सर्वसाधारण  जनताको असुरक्षा  झल्काउने  व्यङ्ग्यात्मक बाल-

कविता हो । यो द्वन्द्व-कालीन आतङ्कमय वातावरण र समसामयिक द्वन्द्वात्मक स्थिति प्रति व्यङ्ग्य भाव व्यक्त गर्ने कविता हो ।

'स्वतन्त्रता' कुकुरको स्वतन्त्रतासँग मानवीय स्वतन्त्रताको तुलनीय स्थितिको अभिव्यञ्जना गर्ने कविता हो ।

'आँसु' शीर्षक कवितामा सामाजिक विषयवस्तु, जीवन-भोगाइका क्रममा अभिव्यक्त करुण अनुभवहरू, संवेदनशीलताका परिणामहरू निजी एवं समाजका पनि सबै मानिसका व्यावहारिक जीवनमा आइ पर्ने भोगाइका अनुभवमूलक संवेद्य भावहरू अभिव्यक्त भएका छन् ।

अर्काको भरमा पर्दा दुःख पाइने, गालीगलोज सहनु पर्ने, पछि पर्नु पर्ने जस्ता कुराको अनुभवले 'अर्ती' शीर्षक कविता कोरिएको छ । यो नीतिपरक सिद्धान्त र अनुभव-उपदेश-विषयक कविता हो ।

भन्नेहरूले राजनीतिक विषय भने पनि समाजका लागि, सम्पूर्ण देशवासीका लागि भलाइ गर्ने भने पनि कुभलो भइराखेको छ । द्वन्द, लडाई, प्रतिशोध गर्नाले कुनै पक्षको पनि भलाइ हुँदैन । मानिसको मात्र होइन सम्पूर्ण जीवजनावर, सम्पूर्ण देश, सम्पूर्ण भौगोलिक क्षेत्र समेतलाई यसले असर गरिरहेको छ । यसरी अशान्तिमय वातावरण सृजित भएकोमा 'देश' शीर्षक कवितामा दुःखपूर्ण भाव व्यक्त गरिएको छ । प्रस्तुत कविता सरल भाषामा लेखिएको छ ।

'खै के परिवर्तन भयो ?' राजनीतिक विषयवस्तु भएको कविता हो । यसमा असन्तुष्टिजन्य आक्रोश पोखिएको छ । सुधारको अपेक्षा समेत आन्तरिक व्यङ्ग्यका रूपमा रहेको छ ।

'विज्ञान' कविताले विश्वमानवसमुदायमा जागरण र सद्भाव सञ्चार गराउँदै विद्रोहात्मक द्वन्द्व एवं युद्धका विषयमा सचेत गराउँछ ।

'हिमाल' राष्ट्रिय भावनाले ओतप्रोत बाल-कविता हो । यो प्राकृतिक अखण्ड सौन्दर्यसँगै राष्ट्रिय अखण्डता प्रकट गर्ने व्यञ्जनधर्मी कविता हो ।

'शुभकामना' नीति नियम र उपदेशका रूपमा आशीर्वाद दिने बाल-कविता हो । यसमा बालक प्रति देवदेवीको आशीर्वादको शुभकामना व्यक्त गरिएको छ ।

'सिक' शीर्षक कविता नीति-उपदेश-मूलक बाल कविता हो । प्रस्तुत कवितामा आफैँले मिहिनेत र परिश्रम गरेर हाँसी-खुसी बाँच्नु पर्छ, राम्रा कुरा सिक्नु पर्छ भन्ने नैतिक शिक्षा सरल भाषामा लेखिएको छ ।

'सजिलो' शीर्षक कविता सरल वाक्य योजना रहेको व्यङ्ग्यात्मक कविता हो । प्रस्तुत कवितामा राम्रो काम गर्ने र चित्त नबुझेको कुरा बोल्नेले भन्दा चाकडी चाप्लुसी गर्नेले फाइदा उठाएको कुरा स्पष्ट रूपमा व्यक्त भएको छ ।

'टुहुरा' राजनीतिक विषयको पृष्ठभूमिमा आधारित भए पनि ऐतिहासिक षड्यन्त्रका रूपमा परिचित कविता हो । यो दरबारभित्रै राजपरिवारको आम हत्या गरिएको विषयको कविता हो ।

'दानव' मूल रूपमा सिकारको विषय र संवेदनहीनताका रूपमा समसामयिक द्वन्द्वको छाया समेत रहेको कविता हो । मानिसको गतिविधिले जीवजन्तु समेत बिचल्लीमा परेको, हिंस्रक जनावरभन्दा पनि मानिस दुष्ट बनेको व्यञ्जनात्मक अभिव्यक्ति यस कवितामा रहेको छ । यसमा संरक्षणको अभावमा ईश्वरको अस्तित्वमा प्रश्न-चिन्ह लागेको देखाइएको छ ।

'कर्म' शीर्षक कवितामा कर्म र भाग्यसम्बन्धी विषयवस्तु सामाजिक मान्यतामा आधारित भावानात्मक द्वन्द्व र निराशावादी स्वर रहेका छन् ।

'बुझ्नै सकिएन' जीवनजगत् र परिवेश प्रति असन्तुष्टि जनाउने असल-खराब भावको द्वन्द्व,समाजसँगको द्वन्द्व प्रस्तुत गर्दै अन्योलपूर्ण अवस्था र भावनाको झल्को दिने कविता हो ।

'फूल' शीर्षक कविता प्राकृतिक सौन्दर्यको अस्तित्व जोगाउने औपदेशिक बाल-कविताका रूपमा प्रस्तुत छ ।

'बागमती' इतिहास, पुराण, भूगोल, सभ्यता, संस्कृति र परिवेश झल्काउने समसामयिक, सामाजिक र प्राकृतिक विषयवस्तु रहेको कविता हो । यसमा कष्टकर जनजीवन व्यञ्जनाद्वारा अभिव्यञ्जित भएको छ ।

'कुलत' समाज सुधार गर्ने, दुर्व्यसनलाई सुधार गर्ने प्रत्यक्ष उद्देश्य लिएर रचिएको सामाजिक भावनामूलक कविता हो ।

‘अंश’ नेपाल र  नेपालीको अस्तित्व र सुरक्षा प्रति समर्पित, राष्ट्रिय भावनाले ओतप्रोत कविता हो । प्रस्तुत कवितामा देशको रक्षा एक-जुट भएर मात्र हामी नेपालीले गर्न सक्छौँ । नत्र देसवासीको अस्तित्व राख्न सकिन्न भन्ने अभिव्यक्ति दिइएको छ ।

‘जन्मभूमि’ राष्ट्र-प्रेमको विषयवस्तु रहेको कविता हो । यसमा स्वदेशको माटो, सुखसम्पन्नता र स्वर्ग जाने बाटो भन्ने भावना व्यक्त भएका छ ।

‘नलडौँ हामी’ कविताले देशको समसामयिक भावधारालाई प्रवाहित गर्दछ ।

‘समय’ औपदशिक विषयवस्तु रहेको बाल-कविताका रूपमा समयको महत्व बुझाउने सरल कविता   हो ।

## ५.२ विषयवस्तुका आधारमा ‘आँसु’ कविता संग्रहमा सङ्गृहीत कविताहरूको वर्गीकरण :

## ५.२.१ सामाजिक विषयवस्तु भएका कविताहरू :

सामाजिक विषयवस्तु रहेका कविताहरूमध्ये ‘आँसु’ कवितामा जीवन भोगाइका क्रममा अभिव्यक्त करुणअनुभवहरू, संवेदनशीलताका परिणामहरू, निजी एवं समाजका पनि सबै मानिसका व्यावहारिक जीवनमा आइ पर्ने अनुभवमूलक संवेद्य भावहरू व्यक्त भएका छन् ।

व्यवस्थापकीय कमजोरी, नैराश्य र आशावादिताको द्वन्द्व र अस्तित्वका भुमरीमा फस्नु जस्ता तत्वहरू यस गद्य कविताभित्र रहेका छन् ।

‘दानव’ शीर्षक कवितामा मूल रूपमा सिकारको विषय र संवेदनहीनताका रूपमा सामयिक द्वन्द्वको छाया समेत रहेको छ । बाख्रो हराउनु, बाघ, स्याल देख्ने मान्छे नहुनु, कोइलीको जीवन साथी बेपत्ता हुनु, अर्काको सुख देख्न नसक्ने दानव शिकारी जङ्गल पस्नु जस्ता कुराहरूको वर्णन यसमा गरिएको छ । संरक्षणको अभावमा ईश्वरको अस्तित्वमा प्रश्न-चिन्ह लागेको देखाइएको छ ।

‘कर्म’ शीर्षक कवितामा कर्म र भाग्यसम्बन्धी विषयवस्तु, सामाजिक मान्यतामा आधारित भावानात्मक द्वन्द्व र निराशावादी स्वर रहेका छन् ।

कर्मवाद-उद्यमशीलता र भाग्यवाद-धैर्य लिनु हो । कर्मवादी दर्शन आवश्यक भएर पनि भाग्यको भर पर्नु भनेको धैर्यशील बन्नु पनि कतिपय कुरामा आवश्यक भएर होला । क्षमाशीलता र धैर्यधारणका साथ काम गर्नु पर्ने होला, अनि मात्र सफलता हासील हुने हो कि ? भन्ने भावात्मक द्वन्द्व यसमा प्रस्तुत भएको  छ ।

'बागमती' इतिहास,पुराण, भूगोल, सभ्यता, संस्कृति र परिवेश झल्काउने समसामयिक सामाजिक र प्राकृतिक विषयवस्तु रहेको कविता हो ।

विगतको बागमती सफा थियो । वरिपरि हरियाली थियो । बागमती किनारलाई तीर्थस्थल मानेर, पुण्य-भूमि ठानेर सबैले महत्व गाउँथे । अहिले बितेका कुरालाई दन्त्य-कथा मानेर मानिसहरू नदी, मन्दिर, मार्ग, सार्वजनिक स्थललाई फोहोर थुपार्ने ठाउँ बनाउन थालेका छन् ।

मानिसहरू बागमती जस्ता नदीका शत्रु बनेका छन् । मानिसहरूको मल-मूत्रले जल सडेर प्रदूषित भएको छ । एकातिर यस्तो छ भने प्रकृतिलाई मास्ने मानिस चाहिँ आफैँ नाश हुँदैछ । प्रत्यक्ष असर उसले भोग्नु परेको छ । आज मानिसले पिउने पानी पाउन छाडेको छ र ऊ पिउने पानीका लागि नारा लगाउँदै घडा-जुलुस निकाल्दैछ ।

यस प्रकार बागमती-सभ्यताको-अतिक्रमण सामाजिक व्यवहारकै परिणाम हो, जसले गर्दा जनजीवन कठिन मोडबाट गुज्रेको देखिँदैछ, कवितामा भनिएको छ ।

'कुलत' समाज सुधार गर्ने, दुर्व्यसनलाई सुधार गर्ने, सामाजिक भावनामूलक कविता हो । गाँजा, भाङ, चुरोट, जाँड, रक्सी खाएर समाजका युवाहरूले आफ्नो जीवन बर्बाद गरेका छन् । यिनीहरूलाई सुधार्नु सामाजिक आवश्यकताको विषय पनि हो ।

## ५.२.२ राजनीतिक विषयका कविताहरू :

### विद्रोहात्मक द्वन्द्व एवं युद्धका विषयमा धर्ती र विज्ञान कविताले सचेत गराउँछन् :-

इतिहास र वर्तमानका जुनसुकै मारकाट, हत्या र हिंसालाई सम्झाउने प्रस्तुत धर्ती कविताले नेपालको दश वर्षे राजनीतिक जनविद्रोह र युद्धको सन्दर्भलाई झल्काउँछ । यसले नेपाल र सम्पूर्ण भूमण्डललाई पनि असर पार्न सक्ने देखिएको छ । त्यसैले कविताको शीर्षक पनि 'धर्ती' सार्थक छ ।

ज्ञानलाई लहडी, स्वार्थी, युद्ध-पिपासु सीमित, मदान्ध मानवका गतिविधि एवं खेलौना हुनबाट रोक्न नसकिँदा यसलाई राजनीतिको नाममा मानव जातिको अहितकारी शक्तिको रूपमा समेत प्रयोग गरिएको छ । यो सीमित व्यक्तिका स्वार्थका लागि भइदिँदा विज्ञान मानवताका लागि वरदान नभएर अभिशाप बन्न पुगेको भाव 'विज्ञान' कवितामा व्यक्त भएको छ ।

साधनले काम गर्ने हो, साधनको रूपमा आविष्कारको दुरुपयोग हुन्छ र विध्वंस निम्तिन्छ । मानव र सम्पूर्ण जीव एवं प्रकृतिको भलाइमा प्रयोग हुनुपर्ने विज्ञान युद्ध जित्ने होडबाजी एवं सर्वनाशको माध्यम बनेको छ ।

'अंश' शीर्षक कवितामा असत्य प्रचारका क्रममा सिधा-सादा सर्वसाधारण जनतालाई भ्रममा पारेर राज्य पाउने आशा (आश्वासन) बाँडिरहेका छन् भन्दै सो किन गरिरहेका छन् ? भनेर प्रश्न उठाउँदै स्पष्ट राजनीतिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।

कसैले पनि नासमझ हुनु हुँदैन, सबैले समझदारीसाथ रहनु पर्छ । समाज र राष्ट्रमा सद्भाव कायम रहनु पर्दछ, जात-जातीयताका नाममा संघर्ष हुनु एकातिर र अर्कातिर संघीयता-स्वायत्तताका नाममा देश टुक्रन पुग्यो भने हाम्रो अस्तित्व रहँदैन । यो सबैलाई थाहा भएकै कुरा हो । यथार्थ सबै कुरा भुल्नु  हुँदैन ।

नेपालमा यदि विदेशीको हस्तक्षेप भयो भने त्यसको परिणाम-स्वरूप तराई पनि पहाड पनि पराधीन हुनेछन् । नेपाली ऐतिहासिक राष्ट्रिय भावना, राष्ट्रको राष्ट्रियता नै विलुप्त हुनेछ । स्वार्थका लागि लडाईं गर्नुभन्दा एक-जुट भई यहाँ नेपालको विकास गर्न आव्हान गरिएको छ ।

'अस्तित्व' शीर्षक कवितामा नेपालको समसामयिक राजनीतिक परिस्थितिको चित्रण गरिएको छ । यसमा मुसा र ढाडेमा आरोपित गतिविधि– संगठन गर्नु, आन्दोलन गर्नु अनि मेल नहुनु, अहम् हुनु, बुद्धि र विवेक नहुनु एवं निर्माण र ध्वंस, मारिनु र रमाउनु, जुधाउनु-ताली बजाउनु,अस्तित्व मेटाउनु र दुनो सोझ्याउनु जस्ता क्रियाकलाप देखाएर ढाडे (विदेशी)ले अस्तित्व समाप्त पार्ने कुराको ख्याल नेपाली मुसा (जनता र शासक)मा नरहेको देखाइएको छ ।

## ५.२.३ नीतिपरक र उपदेशपरक कविता :

'अर्ती' कवितामा व्यावहारिक जनजीवनमा आइ पर्ने सम्भावित परिस्थितिहरू झल्किएका छन् । अनुभवमूलक संवेद्यताका आधारमा प्रस्तुत गरिएको यस्तो नीतिपरक अभिव्यक्तिले आफू र आफ्नो समाजलाई पनि बाटो देखाउन खोजेको छ ।

यसले आत्म-निर्भर बन्ने सिद्धान्त व्यक्त गरेको छ । यहाँ संवेदनशील व्यक्तिहरू प्रति, आफूले जानेका ज्ञानका कुराहरू, अनुभवहरू र दृढ निश्चयका कुराहरू उपदेशका रूपमा व्यक्त भएका छन् ।

'शुभकामना' समसामयिक नीति, नियम र उपदेश बालबालिकाका लागि दिन सक्ने बाल-कविता हो । यसमा दशैं-तिहारको उपलक्ष्यमा शुभकामना दिइने शैलीमा विद्यार्थीहरूलाई बुद्धि-विवेकसाथ पढ्नलाई मन लगाउन, जान्ने हुन,असल बाटोमा लाग्न र उनीहरूले आफ्नो भविष्य चम्काउनलाई पनि दुर्गादेवी र लक्ष्मीसँग आशीर्वाद मागिएको छ । यस क्रममा कुबाटोमा, दुर्व्यसनमा मन नलागोस् भन्ने र अर्काको धनमा लोभ नगरुन्, मागेर नखाऊन्, अल्छी नबनून्, जाँगरिला होऊन्, चोरी डकैतीमा मन नलगाऊन्, मिहिनेतले धन आर्जन गरुन् भन्ने समेत नवदुर्गा र महालक्ष्मीसँग प्रार्थना गरिएको छ ।

'सिक' कवितामा विधि-निषेध वा कर्तव्य अकर्तव्यको तुलनाका रूपमा अध्ययनीय नैतिक उपदेशात्मक पक्षहरू प्रस्तुत भएका छन् । यसमा परिश्रम गरेर खान सिक, नडराई भिडेर, उदार भावना लिएर, जुटेर, खुशी बनाएर र पसिनाका धारा चुहाएर खानुपर्छ भन्ने कुरा व्यक्त गरिएको छ । दुःख गरेर मीठो-नमीठो जस्तो भए पनि खानुपर्छ, वर्तमान मात्र नभएर भविष्यलाई पनि हेर्न सिक्नुपर्छ भनिएको छ । मोजमस्तीका लागि नराम्रो काममा लाग्नु हुँदैन भन्ने शिक्षा यस कविताले दिन्छ ।

'फूल' शीर्षक कवितामा फूल सुशोभन, सुन्दर हुन्छ । मानिसले टिपेर यसलाई अस्तित्वहीन गराउनु हुन्न, क्षुद्र मानिस बन्न हुन्न, असल बानीवेहोराको मानिस बन्नुपर्छ भन्ने जस्ता नैतिक उपदेशात्मक कुराहरू व्यक्त भएका छन् ।

'न लडौं हामी' कवितामा हामी एउटै नेपाल आमाका सन्तान नेपाली एक-आपसमा लड्नु हुन्न, मिलेर बस्नु पर्छ, देशको अस्तित्व जोगाउनु पर्छ भन्ने नीतिगत, उपदेशात्मक भाव प्रस्तुत गरिएका छन् ।

'समय' शीर्षक कवितामा जीवनको प्रारम्भिक अवस्थामा सर्तकता अपनाउनु आवश्यक हुन्छ । प्रत्येक वस्तु र समय बदलिरहेका हुन्छन्- अहिले भएको कुरो सधैं रहिरहँदैन भनेर उपदेश दिइने व्यक्ति वा बालकलाई समय गुज्रिइसक्ने कुराको हेक्का दिलाउँदै अर्ती उपदेश गरिएको छ । त्यसैकारण 'समय' नीति उपदेशात्मक कविता हो ।

## ५.२.४ बालकविताहरू :

'खेलौना' शीर्षक कविता बाल-कविता हो । यसमा बालकको खेलौनासँग खेल्ने सामान्य स्वभाव देखाइएको छ । बालकको स्वभाव नयाँ खेलौना प्राप्त गर्ने र जम्मा गर्ने हुन्छ । ऊ

कल्पनाशील हुन्छ । ऊ खेलौनाकै विचारमा मग्न भइरहेको हुन्छ । यसै क्रममा उसले एउटा अनौठो खेलौना भेटेर खेलाउँदा-खेलाउँदै विष्फोट भएको कुरा यहाँ प्रस्तुत गरिएको छ । बालकको क्रियाकलाप लेखिएको हुनाले यो बाल-कविता हो ।

'हिमाल' प्राकृतिक सौन्दर्यको महिमा गाइएको कविता हो । प्रस्तुत कविता गाउन मिल्ने मनोरञ्जनात्मक बाल-कविता हो ।

'शुभकामना' सम-सामयिक नीति, नियम र उपदेश बाल-बालिकाका लागि दिन सक्ने बाल-कविता हो । प्रस्तुत कविता उपदेशात्मक गद्यलयमा गाउन हुने गरी लेखिएको छ । यसले बाल-बालिकालाई मनोरञ्जन पनि दिन्छ ।

बाल-बालिकालाई उपदेश दिने उद्देश्यले लेखिएको हुनाले 'सिक' कविता बाल-कविता हो । प्रस्तुत कवितामा राम्रो कुरा सिक्नुपर्छ, आफैँले मिहिनेत र परिश्रम गरेर हाँसी-खुसी बाँच्नुपर्छ भनेर बाल-बालिकालाई अर्ती-उपदेश दिएको हुनाले यो बाल-कविता हो ।

'फूल' शीर्षक कविता बाल-बालिकालाई मनोरञ्जन गराउने बाल-कविता हो । यो प्राकृतिक सौन्दर्यको अस्तित्व जोगाउने औपदेशिक कविताका रूपमा प्रस्तुत छ ।

'समय' शीर्षक कविता विद्यार्थी भाइ-बहिनीलाई समयको महत्व बुझाउन लेखिएको बाल-कविता हो । मानिसको जीवन समय र खोला जस्तै हो । बूढो भएपछि, समय घड्किएपछि बालकपन वा विद्यार्थी भएर पढ्ने लेख्ने समय आउँदैन । त्यसैले विद्यार्थी अवस्थामा पढ्न लेख्नतिर ध्यान दिनुपर्छ नत्र जीवन काम नलाग्ने, रूखबाट झरेको पात जस्तै हुन्छ भनेर विद्यार्थी भाइबहिनीहरूलाई समयको सदुपयोग गर्न भनिएको छ ।

## ५.२.५ विद्रोहात्मक (व्यङ्ग्य र विरोधयुक्त) कविताहरू :

देशमा शान्ति आउला भन्ने आशा गर्दागर्दै झन्-झन् अशान्ति फैलिरहेको छ, धुवाँ-धुलोले प्रकृति वैलिएको छ, मानवीय क्रियाकलाप विनाश पारिएको छ, जैविक वातावरण बिग्रिएको छ । यस्तो अवस्था देखेर मानिसको उदेक लाग्दो अबुझपनदेखि वाक्क भएर मूकदर्शक बनेर हेर्दै रहनु परेको छ । यस प्रकार 'देश' शीर्षक कवितामा निर्माण र शान्तिका वाचाहरू पूरा हुने दिन देशमा कहिले आउलान् भनेर खोजी गर्दै अशान्त राजनीतिक वातावरण प्रति व्यङ्ग्य विरोध गरिएको छ ।

'बुझ्नै सकिएन' कवितामा आफू बाँचेको जीवनजगत् र परिवेश प्रति असन्तुष्टि व्यक्त गरिएको छ । असल र खराब मानसिक भावहरूको द्वन्द्व, समाजसँगको द्वन्द्व व्यक्त भएको छ । शीर्षकले नै अन्योलपूर्ण परिवेशगत अवस्था र भावनाको झलक दिन्छ ।

यसमा मनिसलाई देख्दै डर लाग्ने पशु-सरहको भनेर आहार, निद्रा र भय आदिको दृष्टिले समान त के अझ हिंस्रक रूपमा हेरिएको छ । मानिसमा विशेषत हुनु पर्ने धर्म-भाव हो । त्यो नभएको झलक कविताले दिन्छ ।

आफू भद्र भलादमी बनेर देखापरेको मानिस आफूलाई ईश्वर सरह ठान्छ र मानव भई दानवी व्यवहार देखाउँछ । उसको भनाइ र गराइमा मेल छैन । त्यस्तै परिस्थितिमा मानिसले मानिसको ज्यान लिन सक्छ । आज मानिसहरूमा पारस्परिक विश्वासको सङ्कट पैदा भएको छ । मानिस दानवका रूपमा प्रस्तुत भएका एवं आफूलाई विद्वान् भनेर ठूला-ठूला गुड्डी हाक्ने मानिस धनका लागि मानिसहरूकै ज्यान लिइरहेका छन् । आफूलाई ईश्वर सम्झेर दानवको व्यवहार गरिरहेछन्, दानव बनिरहेका छन् भन्दै मानवको दानवीय व्यवहार प्रति लक्षित गरेर विरोध र व्यङ्ग्य प्रहार गरिएको हुनाले यो विद्रोहात्मक कविता हो ।

'खै के परिवर्तन भयो ?' नामक गद्य कवितामा परिवर्तनका नाममा ज्यान गुमाउने, अङ्ग-भङ्ग हुने बाहेक अरू पनि मरे-तुल्य भए भनिएको छ । समसामयिक राजनीतिक गतिविधि र त्यसबाट उत्पन्न अव्यवस्था, हत्या-हिंसाको स्थिति मानवीय जीवनमूल्यको अभाव, परिवर्तनको नाममा पुरानै व्यवहार, अझ अशान्तिमय वातावरण र बेचैनी मात्र प्राप्त भएको देखाइएको छ । यस्तो स्थिति प्रति तीव्र असन्तुष्टि व्यक्त गरिएको छ । त्यस्तो वातावरण सिर्जना गर्ने प्रति तीखो व्यङ्ग्य विरोधयुक्त भाव व्यक्त भएको छ ।

## ५.२.६ ऐतिहासिक कविता :

'टुहुरा' शीर्षकको कविता ऐतिहासिक विषयवस्तुमा आधारित छ । यसमा घटना घटाउने अन्योलपूर्ण वातावरण उल्लेखित भएको छ । ईश्वरको अस्तित्व प्रति पनि अविश्वास व्यक्त गरिएको छ । उस प्रति अनास्था प्रकट गरिएको छ । मानवीयताको अभाव देखाइएको छ । अन्ठाउन्न जेठको राजदरवार हत्या काण्डका घटनालाई गोलीका सिकार भनेर उल्लेख गरिएको छ । घटना भएको देखेर आकाश-पृथ्वी सम्पूर्ण प्रकृति रोएको कुरा उल्लेख गरिएको छ र त्यो खबर सुनेर देश-विदेश, सम्पूर्ण विश्व रोएको भनिएको छ । करुण भाव व्यक्त गरिएको छ । विभत्स दृश्यको वर्णन– रगत बगेको,

हाडमासु छरिएको देखाइएको छ । लाशको थुप्रो लागेको आर्यघाटको उल्लेख गरिएको छ । मार्नेको उद्देश्य पूरा भयो कि भएन ? मार्नेको खाद्य तत्व के रह्यो ? अथवा भोग समान वा फरक भयो ? भनेर परिणाम प्रति प्रश्न चिन्ह खडा गरिएको छ ।

## ५.२.७ राष्ट्रिय भावनामूलक कविताहरू :

'जन्मभूमि स्वर्गभन्दा पनि ठूलो हो' भन्दछन् । कर्म गर्ने ठाउँ पनि हाम्रो यही हो । पुण्य प्राप्त गरेर स्वर्ग पुगे पनि आखीर पुण्य सकिए पछि फर्कने यहीँ हो। आफ्नो जन्मभूमि, आफ्नो देश नेपाललाई बनाउन पाउनुमा गर्व गर्नु पर्दछ ।

कडा परिश्रम गरेर देश प्रति कर्तव्य पूरा गर्नुपर्दछ । सन्तानले गुनको बदला गुन तिरेर मातृऋणबाट मुक्त हुनु पर्दछ ।

आफ्नो देश, आफ्नो धर्ती, आफ्नो माटोलाई सीप सिकेर भरिभराउ पारेर उद्योगधन्दा गर्नु र खन्नु खोस्रनु, सुख सम्पन्नताको उपाय (साधन) बनाएर यसलाई अपनाउनु आवश्यक छ । यसरी नै स्वर्गीय सुखभोगमा पुग्न सकिने मार्ग तयार हुन सक्दछ भनेर राष्ट्रिय भावना 'जन्मभूमि' कवितामा व्यक्त भएको छ ।

'न लडौँ हामी' राष्ट्रिय एकता, नेपाली भूभागको सुरक्षा, नेपालको विकास र समुन्नति, नेपाल र नेपालीको अस्तित्व-विषयलाई लिएर लेखिएको कविता सम-सामयिक नेपाली राष्ट्रिय भावधारामा आश्रित रहेको छ । यसमा देशको अस्तित्व रहे मात्र हाम्रो अस्तित्व र समुन्नति विद्यमान रहन्छ भनिएको छ । प्रस्तुत कविता बोलीचालीको लोक भाषामा गाइने झ्याउरे गीति कविता हो । यसमा दश अक्षरे दुई हरफका स्थायी पद अथवा दोहोरिने पद छन् । बाँकी अरू हरफ चौध अक्षरमा लेखिएका पवछन् । तुक्काहरूको प्रयोग पनि भएको छ ।

## ५.२.८ प्रकृतिपरक कविताहरू :

'हिमाल' शीर्षक कविताको सुरुमा हिमाली प्रकृतिले पूर्व-पश्चिम फैलिएका आफ्ना मुस्कानहरू लहरै अग्ला होचा चुचुराहरू पंक्तिबद्ध रूपमा टम्म मिलेका दाँतका रूपमा सफेद स्वरूप देखाएर हाँसेको देख्न सकिन्छ भनेर प्रकृतिको मानवीकृत वर्णन गरिएको छ । यो दृश्य अझ बिहानी प्रहरमा प्रष्ट रूपमा झल्कन्छ । घाम झुल्कँदा मोती झैँ झल्कन्छ । घाम अस्ताउँदा चाँदी झैँ टल्कन्छ । हिमालमा परेको हिउँ जम्दा पत्थर बन्छ र पग्लदा पानी बन्छ भनेर हिमालयको वर्णन गरिएको छ ।

बगैँचाका रङ्गीचङ्गी फूलले रसरङ्गी भँवरा लगायतलाई आनन्द दिन्छ । यसलाई मल-जल,बारबेर गरी सुरक्षा दिएर जोगाइ-राख्नु पर्छ । घरको शोभा बढाउने, देवदेवीलाई खुशी बनाउने र सबै शुभकार्यमा फूलकै सौन्दर्य र महत्व मानिन्छ । यसलाई उपयोगी तरिका अपनाई नचुँडी सभ्य किसिमले प्रयोग गर्नुपर्छ । मन्दिर, घर आँगन, सभा, समारोह सर्वत्र फूलले सुगन्ध छर्छ र शोभा बढाउँछ, त्यसैले प्रकृतिले दिएको फूललाई जोगाइराख्नु पर्छ भनेर 'फूल' शीर्षक कविताले दर्शाएको छ ।

## ५.३ अर्थका दृष्टिले कविताहरूको वर्गीकरण :

### ५.३.१ अभिधार्थी कविताहरू :

'आँसु' कवितामा अभिधेय अर्थमा मानवीय करुण अनुभवको अभिव्यक्ति रहेको छ, आँसु र सान्त्वनाका बीचमा शरीर र जीवनको अस्तित्व रहेको अभिधामूलक अर्थ पनि कविताको विचार र विश्लेषणले स्पष्ट गर्छ ।

'अर्ती' कवितामा अभिधेय अर्थमा आत्म-निर्भर बन्ने सिद्धान्त, संवेदनशील व्यक्तिहरू प्रति उपदेश, आफूले जानेका ज्ञानका कुराहरू, अनुभवहरू र दृढ निश्चयका कुराहरू व्यक्त गरिएका छन् ।

'शुभकामना' अभिधेय अर्थमा नीति, नियम र उपदेश विषयलाई शुभकामनाका रूपमा प्रस्तुत गरिएको दुर्गा र लक्ष्मीसँग आशीर्वाद मागिएको कविता हो ।

'सिक' वाच्यार्थ-प्रधान उपदेशात्मक कविता हो । कवितामा मोजमस्तीमा नभुली दुःख र परिश्रम गरेर नमीठो भए पनि खुशीले खानुपर्छ, मागेर, लुटेर खानु हुँदैन भन्ने जस्ता कुराहरू अभिधेय अर्थमा प्रस्तुत गरिएका छन् ।

'टुहुरा' अभिधेय अर्थमा ऐतिहासिक षड्यन्त्रमूलक हिंसाजन्य नरसंहारको दुर्घटनालाई सशक्त ढंगले प्रस्तुत गर्ने जमर्को गरिएको कविता हो । यस कवितामा सम्पूर्ण शक्ति-सामर्थ्य, सुरक्षा स्थिति र देशलाई नै टुहुरा सावित गराइएको छ । यहाँ ईश्वर बेपत्ता भएको घोषणा गरिएको छ ।

अभिधेय अर्थमा 'दानव' कविताको मूल विषय सिकारको अर्थमा रहेर पनि सम-सामयिक द्वन्द्वको छाया समेत संवेदनहीनताका रूपमा देख्न सकिन्छ ।

'कर्म' शीर्षक कविताको सम्पूर्ण अर्थ कर्मवाद र भाग्यवादको विषय, वाच्यार्थका रूपमा रहेको छ । भाग्यवाद अथवा धैर्यशीलताका साथ कर्मवाद वा उद्यमशीलतालाई डोऱ्याउनु पर्ने रूपमा भावात्मक द्वन्द्व प्रस्तुत भएको छ ।

'बुझ्नै सकिएन' मा अभिधेय अर्थ आफू बाँचेको जीवनजगत् र परिवेश प्रति असन्तुष्टि व्यक्त गरिएको छ । असल र खराब मानसिक भावहरूको द्वन्द्व छ, समाजसँगको द्वन्द्व व्यक्त भएको छ । प्रस्तुत कविताको शीर्षक 'बुझ्नै सकिएन' ले नै अन्योलपूर्ण परिवेशगत अवस्था र भावनाको झलक दिन्छ ।

'फूल' शीर्षक कवितामा अभिधेय अर्थमा उपदेशको भावमा फूललाई सामान्य जीवनमा छाडिदिनु, सम्पूर्ण फूललाई यथावत् रहन दिनु, यसको अस्तित्वका लागि सहयोग गर्नु बेश हुने कुरा प्रस्तुत गरिएको छ ।

'कुलत' शीर्षक कवितामा जाँड, रक्सी, गाँजा, भाङ, चुरोट खान बानी लगाउने व्यक्ति र पूर्व पुरुषका विषयमा अभिधेय अर्थमा प्रश्न तेर्स्याइएको छ । जाँड रक्सी खाँदा मन आत्मा जल्ने, गाँजा, भाङ, चुरोट आदिले फोक्सो बिग्रने, जीवनलाई खतरामा पुऱ्याउने, टी. बी. क्यान्सर लागेर मृत्यु वरण गर्न पुगिने कुरा अभिधेय अर्थमा देखाइएको छ ।

'अंश' नेपाल र नेपालीको अस्तित्व र सुरक्षा प्रति समर्पित राष्ट्रिय भावनाले ओतप्रोत निबन्धानात्मक सरल अभिधार्थी कविता हो ।

'जन्मभूमि' कवितामा आफ्नो जन्मभूमि, रहन-सहन, संस्कार एवं संस्कृतिलाई मान्नु पर्छ भन्ने अभिधेय अर्थमा व्यक्त गरिएको छ ।

'न लडौं हामी' कवितामा अभिधेय अर्थमा दाजुभाइ एक आपसमा लड्नु हुन्न, आफू-आफू मारामार गर्नु हुन्न, सबै नेपाली मिलेर नेपालको सुरक्षा गर्नु पर्छ भनिएको छ । आफू-आफू लडे देशै गुमेर हाम्रो अस्तित्व नै समाप्त हुन्छ । त्यसैकारण लडाइँ झगडा गर्नु हुन्न भनिएको छ ।

'समय' शीर्षक कवितामा पढ्ने लेख्ने समय खेर फाल्नु हुन्न, नजानेर पनि कुबाटोमा लाग्नु ठीक हुन्न भनेर अभिधेय अर्थमा विद्यार्थी भाइबहिनीलाई उपदेश दिइएको छ ।

## ५.३.२ लक्षणार्थी कविता :

ढाडे– ठूला नेताको प्रतीक, धान खाने मुसो राजनीतिक पार्टीका सदस्यहरूको प्रतीक पनि

हुन सक्छ । अथवा दुई ढुङ्गाको बीचको तरुल जस्तै नेपाल राष्ट्रको अस्तित्व जोगाउन मुस्किल परिरहेको अवस्था समेत झल्कन सक्छ ; यो कुरा शीर्षकले देखाउन खोजेको छ । यस परिस्थितिलाई झल्काउन ढाडे बिरालाका रूपमा दुईतिरका छिमेकी बलिया राष्ट्र लाक्षणिक प्रतीकका रूपमा रहेका छन् । यिनै बलिष्ठ राष्ट्रहरू–ढाडेहरू आपसी होडबाजी गरेर मुसाहरूको लाक्षणिक प्रतीका रूपमा नेपाली जनतालाई विभाजनद्वारा आफ्ना वशमा पार्न खोजिरहेका छन् । आफ्नो स्वार्थको दुनो सोझ्याउन तल्लीन रहेका छन् । मुसाहरू जस्ता नेपालीहरू भने ढाडेका खेलको अर्थ नबुझेर तिनकै खेल हेर्ने तमासे बनेर रमाइरहेका छन् । ढाडेले अस्तित्व समाप्त पार्ने कुराको ख्याल नेपाली मुसा ( जनता) मा छैन भन्ने लक्षणामूलक व्यङ्ग्यार्थ स्पष्ट रूपमा 'अस्तित्व' कवितामा अभिव्यञ्जित भएको छ ।

## ५.३.३ व्यञ्जनार्थी कविताहरू :

'खेलौना' बालबालिका र सर्वसाधारणको असुरक्षालाई विषयवस्तु बनाइएको व्यङ्ग्य कविता हो । यहाँ बालकले खेलौना भनेर टिपेको वस्तु उसले खेलाउँदा-खेलाउँदै पड्केर ज्यान-समेत गुमाउन पुगेको स्थिति देखाइएको छ ।

सामान्य अवस्थामा रहेको जनजीवन प्रति आइपरेको अचिन्तनीय प्रहार देखाउनु कविताको केन्द्रीय भावभूमि हो, यसद्वारा खेलौना-आतङ्कको रूप ग्रहण गरेको देखाएर यस प्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

'सजिलो' शीर्षक गद्यलयात्मक कविताका बाह्रवटा सरल वाक्यमध्ये नौवटा सामान्यतया व्यङ्ग्य विनोदका सिद्धान्त प्रतिपादक बनेर रहेका छन् भने पछिल्ला तीनवटा वाक्य विशिष्ट अनुभवमूलक प्रत्यक्ष एवं ताजा घटनामा आश्रित रहेका व्यङ्ग्य वाक्य हुन् ।

कविताका प्रत्येक सरल वाक्यभित्र पनि पूर्व-पक्ष सबल हुनु पर्नेमा उत्तर-पक्षले प्रमुख स्थान ओगटेको देखाइएको छ र यस्तो परिस्थिति सिर्जित भएकोमा रचनाले असन्तुष्टि व्यक्त गरेको स्पष्ट छ । सम्बन्धित पक्ष यस्तो उल्टापाल्टी गर्नमा जिम्मेवार छ । त्यसैले यस्तो अवस्था एवं अनाचार प्रति निरन्तर कविताभरि नै अविश्रान्त रूपमा व्यङ्ग्य-प्रहार गरिएको छ ।

देशमा शान्ति आउला भन्ने आशा गर्दा गर्दै झन्-झन् अशान्ति फैलिरहेछ, धुवाँ धुलोले प्रकृति वैलिएको छ । मानवीय क्रियाकलाप विनाश पारिएको छ, जैविक वातावरण बिग्रिएकोछ, मानिसको उदेक लाग्दो अबुझपनदेखि वाक्क भएर, मूकदर्शक बनेर हेर्दै रहनु परेको छ । निर्माण र

शान्तिका वाचाहरू पूरा हुने दिन कहिले आउलान् भनेर खोजी गर्दै अशान्त राजनीतिक वातावरण प्रति असन्तुष्टि र विरोध व्यक्त गरिएको छ । यसरी वाच्यार्थ प्रस्तुत गर्दै 'देश' शीर्षक कवितामा अशान्त राजनीतिक वातावरण प्रति प्रश्न तेर्स्याएर व्यङ्ग्य र विद्रोहको भाव शाब्दी व्यञ्जनाद्वारा व्यक्त गरिएको छ ।

'खै के परिवर्तन भयो ?' शीर्षक कवितामा मीठो खाने आशामा लात र बात खानु पर्‍यो, बरु कुकुर मारिँदा हकवाला उठ्ला, मान्छे मारिँदा कोही बोल्न सकेन जस्ता सामाजिक उक्तिहरू प्रयोग गरी राजनीतिक गतिविधि प्रति व्यङ्ग्य गरिएको छ ।

विविध प्रकारका हत्या-हिंसा, विध्वंस र सर्वनाश हुनबाट जोगिन विश्वमानवसमुदायमा जागरण र सद्भाव सञ्चार गर्नु 'विज्ञान' शीर्षक कविताको उद्देश्य रहेको छ जुन अर्थ शाब्दी व्यञ्जनाद्वारा ध्वनित हुन्छ ।

## ५.३.४ अभिधेयार्थ र लक्ष्यार्थ दुवै समान भएको कविता :

'धर्ती' कविताको विषयवस्तु सामयिक जनविद्रोहात्मक वातावरण सरल रूपमा अभिधेय अर्थमा बोध-गम्य भए पनि धर्ती रुनुको व्यापक (लाक्षणिक) अर्थ सम्पूर्ण समाज, सर्वसाधारण जनता र विश्वलाई नै यसको असर पर्नु र पीडा प्राप्त हुनु हो । यहाँ लाक्षणिक अर्थ पलि उत्तिकै महत्वपूर्ण रहेको छ । यस्ता नरसंहारका घटनाहरू विश्वभर बारम्बार दोहोरिइरहेका छन् । यस्तो हुनु ठीक होइन भन्ने सान्त्वनाका रूपमा विश्वमा शान्ति छाउनुपर्छ भन्ने व्यञ्जना प्रयोजन पनि कविताद्वारा व्यक्त हुने हुँदा प्रयोजनवती लक्षणा यस कवितामा रहेको पाइन्छ । कवितामा छाती पिटिपिटी रोइरहेको भनेर धर्तीलाई मानवीकरण गरिएको छ ।

## ५.३.५ अभिधेयार्थ र व्यङ्ग्यार्थ दुवै समान भएका कविताहरू :

'मौन' कवितामा अभिधेय अर्थमा सरल रूपमा राष्ट्रिय परिवेशको यथार्थ चित्र देखिए पनि यसबाट निस्कने ध्वनिमूलक व्यङ्ग्य-विरोधको अतिशय घनीभूत स्वर समेत समान रूपमा घन्कने हुँदा दुवै अर्थ प्रवल र उत्तिकै बराबर रहेका पाइन्छन् ।

चेतन प्रवाहशैलीको प्रयोग भएको प्रस्तुत कवितामा द्वन्द्वकालीन नेपालको गाउँले परिवेशको राष्ट्रिय विशिष्ट अवस्थाको चित्रण, यथार्थ स्वरूपको वर्णन वाच्यार्थ भएर पनि भावात्मक काव्यात्मक अभिव्यक्तिका रूपमा व्यङ्ग्य-विरोध समान रूपले व्यञ्जना-वृत्तिद्वारा झल्कने छ । यहाँ मानव

लगायत सम्पूर्ण जीवजगत् एवं प्रकृति र सिर्जनाकै विनाश गर्नु ठीक होइन भन्ने अर्थ-सार अभिव्यञ्जित भएको छ ।

'स्वतन्त्रता' शीर्षक कविता प्रमुख रूपमा विचार-प्रधान कविता हो । यहाँ अभिधेय अर्थमा साङ्लाबाट फुकेका कुकुरहरूको प्रसङ्ग भए पनि व्यञ्जनात्मक अभिव्यक्ति पनि यसमा पाइन्छ । स्वतन्त्रताको दुरुपयोग, अन्योलपूर्ण राष्ट्रिय स्थितिको वर्तमान समसामयिक अवस्थाको व्यञ्जनात्मक अभिव्यक्ति यस कवितामा छ ।

यस कवितामा साङ्लाबाट छुटेका कुकुरहरू उन्मुक्त वातावरणमा रहेका देखाइएको छ । यस क्रममा आफूहरू अपूर्व अन्योलपूर्ण वातावरणमा रहेको अनौठो अनुभव गर्दछन्, खुशियाली आदान-प्रदान गर्दछन् र आखीर ती ङ्यार-ङ्यार, ङुर-ङुर गर्दै भिडन्त गरिरहेका पनि देखिन्छन् । दम्भपूर्ण असचेत जीवन लिएका रूपमा थकित बनेर आ-आफ्नो ठाउँमा फर्किन्छन् । खान र बस्नलाई फेरि उही बन्धनमा बाँधिन्छन्– स्वतन्त्रताको भ्रम मात्र क्षणिक रूपमा उनीहरूलाई प्राप्त छ ।

स्वतन्त्रता त प्राप्त भयो, यस अवसरमा भेला र खुशियालीको आदान-प्रदान पनि हुन्छ, उमङ्ग छाउँछ । यस क्रममा साङ्लाबाट फुकेर मैदानमा भेला भएका बँधुवा जनावरले उन्मुक्त तवरले उफ्रेर जताततै बुर्कुसी मार्दै रमाइलो गरे झैँ मानिसहरू पनि स्वतन्त्रताको घोषणा हुनासाथ सडक र चोकमा निस्कन्छन् । भावावेग र उमङ्गको यस क्रममा हतारले गर्दा दुर्घटनामा पनि उनीहरू परेका देख्न सकिन्छ ।

आन्दोलनको उपलब्धि प्रति सचेतता न अपनाउँदा यथास्थितिमा रहनु पर्ने पनि आशङ्का बढेर जान्छ । आपसी स्वार्थमा टकराउँदा, परस्परमा मेल नहुँदा र समाधान न निस्कँदा कुकुरहरू ङ्यार-ङ्यार, ङुर-ङुर गरेर झगडा गरे जस्तै तुच्छ स्वार्थका लागि र बेमेलद्वारा लडाइँ गरिरहँदा उही यथास्थितिमा -कुकुरहरू खोरमा पसे जस्तै-पराधीनतामा बस्नु पर्ने, खान र बस्नका लागि बन्धनमा पर्नु पर्ने, वाक्स्वतन्त्रता-समेत अपहरणमा पर्ने सम्भावनाको भविष्यवाणी व्यञ्जनात्मक रूपमा कविताले गर्न खोजेको छ ।

'हिमाल' शीर्षक कवितामा हिमाली प्राकृतिक वर्णनबाट उत्पन्न अभिधेयार्थ सौन्दर्यको अखण्डतासँगै व्यङ्ग्यार्थ राष्ट्रिय अखण्डता प्रकट हुने हुन्छ । कवितामा प्राकृतिक सौन्दर्यको वर्णन गरिएको छ ।

'बागमती' शीर्षक कवितामा नदी सभ्यताको अतिक्रमणले कस्टकर जनजीवन बन्यो भन्ने सरल वाच्य अर्थको विषयवस्तु रहेको छ । सुविधा र सुरक्षा खोज्ने मानव समुदायका बसोबासको अतिक्रमणको गतिविधिले सहर, राजधानी, राजमार्ग जस्ता सुविधा सम्पन्न क्षेत्रतिर गन्तव्य बनाउँदा नदी-सभ्यता, संस्कृति, धर्म, उपभोग्य वस्तु लगायतमा अस्वाभाविक परिवर्तन कमीकमजोरीका रूपमा देखिनु यथास्थितिमा ह्रास हुनु जस्तो सम्पूर्ण रूपमा परेको असर व्यञ्जना वृत्तिद्वारा व्यञ्जित विषय हो ।

## ५.४ लयका दृष्टिले कविताहरूको वर्गीकरण :

### ५.४.१ गद्यलयका कविताहरू :

धर्ती, अस्तित्व, मौन, खेलौना, स्वतन्त्रता, आँसु, अर्ती, देश, खै के परिवर्त भयो ?, विज्ञान, शुभकामना, सिक, सजिलो, समय ।

### ५.४.२ गीतिलयका कविताहरू :

क ) चौध अक्षरे- हिमाल, बुझ्नै सकिएन, फूल, बागमती, कुलत, अंश, जन्मभूमि, न लडौँ हामी ।

ख )सोह्र अक्षरे- टुहुरा, दानव, कर्म ।

## ५.५ उपसंहार :

सामान्यतः साहित्यका माध्यमबाट व्यक्तिले आफ्नो भावना अरूसम्म पुऱ्याउने गर्छ । यस सन्र्दभमा उसले सकारात्मक पक्षको उद्घाटन गरेको पाइन्छ । तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ नकारात्मक पक्षहरू पनि हुन्छन् । त्यहाँ शान्ति मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन्छ । यो यथार्थ हो ; किनकि साहित्य समय, ठाउँ र परिवेश अनुसार सिर्जना हुने भावना हो । त्यसैले यो स्वतन्त्र हुन्छ र हुनुपर्छ ।

कविता -लेखन कार्य एउटा आफैँमा जटिल कार्य हो । जसमा शब्द र अर्थको संयोजनले मात्र कविता सिर्जना हुन सक्दैन । तिनीहरूबीच भावको सुमधुर सम्बन्ध हुनु कविताको आवश्यक तत्व हो । कवितामा सरल, सहज र स्वाभाविक शब्द-चयन वा समायोजनको आवश्यकता पर्दछ । जब त्यो गेय वा लयात्मक हुन्छ तब मात्र एउटा भावना कविता बन्न सक्छ । प्रकृति र मानव -

जीवनका सेरोफेरोमा आएका मिलन र बिछोडका रीतहरूलाई समेट्न सक्ने र वर्तमानलाई मात्र नसमेटेर जन्मभन्दा अघिको र मृत्युभन्दा पछिका यावत् कुराहरूलाई विषय-वस्तु बनाई अगाडि बढ्न सक्ने साहित्यको एक सशक्त र शाश्वत विधा नै कविता-विधा हो भन्ने मान्यता अनुसार मैले पच्चीसवटा गद्य एवं झ्याउरे गीति-कविताहरू सिर्जना गरेकी छु ।

प्रस्तुत गरिएका रचनाहरूमध्ये बाह्र पङ्क्तिदेखि बत्तीस पङ्क्तिसम्मका गद्यलयात्मक कविताहरू रहेका छन् भने अक्षरका हिसावले सामान्यतः एघार अक्षरदेखि सोह्र अक्षरसम्मका पङक्तिमा गीतिलयका कविताहरू रचिएका छन् । विषयवस्तु केलाउनु पर्दा हाल यस धर्तीको समसामयिक जीवनजगत्मा प्रचलित सशक्त विभिन्न विषयवस्तुलाई कविताहरूले छोएका छन् । देशमा उत्पन्न विषम परिस्थिति या भनौँ हत्या, हिंसा र आतङ्कको क्रमबद्धताले उब्जाएका स्थितिहरू र देशभक्ति, जीवनचेत, ऐतिहासिक घटना, व्यङ्ग्य, अर्ती-उपदेश, जीवन-भोगाइका क्रममा आइपरेका दुःख-सुख, आँसु-हाँसो, विज्ञानको दुरूपयोग, दुर्व्यसन छाड्न आजका युवाहरू प्रति सुझाव, प्रकृतिमूलक एवं नीतिमूलक विषयवस्तुलाई समेटेर आँसु कविता- सङ्ग्रह तयार पारिएको छ । सरल अभिधात्मक तथा लाक्षणिक एवं व्यञ्जनात्मक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहभित्रका प्रायः कविताहरू सम्प्रेष्य बनेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका कवितामा समाज, प्रकृति, राजनीति, जीवन-जगत्, ऐतिहासिक घटना एवं जीवन-भोगाइका क्रममा आएका अनुभव आदिबाट सर्न्दभगत सामग्री जुटाइएको छ र यिनै समग्र तत्वहरूलाई भाव र कला-बीच वस्तुतः समीकरण गरी कवितालाई जीवन्त बनाउने प्रयास गरिएको छ ।

## ६.१ धर्ती

आफ्नै सन्तान
एक आपसमा
लडेको देखेर,
रोइरहेकी धरती
बलिन्द्र धारा
आँसु पोखेर ।
पानीको खोलो
बग्ने ठाउँमा,
रगतको खोलो
बगिरहेको छ ।
सन्तान मारिएको देखेर
मर्माहत भएकी आमा धर्ती
छाती पिटिपिटी
रोइरहेकी छिन् ।
शत्रु-मित्र, साना ठूला
जो मारिए पनि
आफ्नै सन्तान
मारिएका छन् ।
देखेर पनि नदेखे झैँ
पीडा बोकेर
मूकदर्शक बनेकी
आमा धरती !
अब त थकित भएर
सुस्केरा हाल्दै,
अतीतका र भविष्यका
कुरा सम्झदै,
अब शान्त हौ भन्छिन्
आफ्ना सन्तानको
शिरमा हात राखेर ।

## ६.२ अस्तित्व

बीचमा एउटा मुसो
किसानको धान खाएर मोटाएको
दुईतिर ढाडे बिराला मौका हेरेर
ङ्यारङ्यार-ङुरङुर गर्छन्
मुसो समाउन,
मुसो कहिले यता भाग्छ
कहिले उता
आफ्नो अस्तित्व जोगाउन ।
अस्तित्वका लागि संगठन गर्छ,
आन्दोलन गर्छ
तर मुसामुसैमा मेल छैन ।
बाहिर अहम् भए पनि
भित्री बुद्धि-विवेक छैन ।
एकले अर्कोलाई लखेट्छ
एउटा दुलो खन्छ,
अर्को भत्काउँछ ।
एउटा मारिन्छ
अर्को रमाउँछ ।
दुईतिरबाट ढाडे हेरिरहेका छन्,
एक आपसमा जुधाएर
ताली बजाउँछन् ।
अर्काको अस्तित्व मेटाएर
आफ्नो दुनो सोझ्याउन ।
ढाडेका खेलमा रमाएको मुसो
आफ्नो अस्तित्वको वास्तै गर्दैन
ढाडेले समाप्त पार्ने कुराको ख्यालै गर्दैन ।

## ६.३ मौन

मौन छन् घरहरू
सुनसान छ वनजङ्गल
मान्छेको छायाँ देख्दा त तर्सन्छन जीवजनावर
घटेको घटनाले भरङ्ग छन् बालबालिका
आफन्त गुमाएको सम्झेर
जड बनेका छन् मुटुहरू
निर्दयी पशु, डस्ने सर्प बने मानिस
भन्छन्– मानिसले मानिस देख्दा
को आयो ! चुपचुप !!
बाहिर कतै देखिन्न
आवाज मात्र सुनिन्छ !
एक बटुवा हिँड्छ बाटो,
वरपर कोही केही देख्दैन
अतिथि-देवो भव भन्ने दिनहरू
आज कता गए ?
मनमनै सोच्छ बटुवा !
हरियाली देखिने वनजङ्गल उजाड छन्
फूल फुल्न छाडेको छ
चराचुरूङ्गी चिरविराएका देखिँदैनन् ।
निर्मल झरना झर्दैन,
खोला स्वच्छ बग्दैन,
वटुवाको स्वागतमा हाँस्ने
प्रकृति रुन्छ ;
कतैबाट कुनै आवाज आउँदैन
धर्ती नै सुनसान छ ।

## ६.४ खेलौना

अनजान बालक
आफ्नो खेलौनासँग
खेलिरहेको छ ।
खेल्ने क्रममा
ऊ मस्त छ ।
एक पछि, अर्को
नयाँ-नयाँ खेलौना
जम्मा पार्ने क्रममा
ऊ व्यस्त छ ।
उसका आँखामा
अनेक खेलौना
नाचिरहेछन् ;
ऊ
खेलौनाकै सपना देख्छ ।
अनायास
उसका अगाडि
नयाँ र अनौठो
खेलौना देखा पर्छ,
ऊ, टक्क अडिन्छ,
त्यसलाई टप्प टिप्छ ;
अनि ऊ
ओल्टाई-पल्टाई
खेलाउन थाल्छ ।
ऊ हर्षित र खुसी देखिन्छ,
उसको अनुहार हँसिलो छ
ऊ खेलौना पाएकोमा दङ्ग छ ।
परन्तु,
अपर्झट त्यो विस्फोट हुन्छ ;
निर्दोष बालक
अपराधको शिकार बन्छ ।

## ६.५ स्वतन्त्रता

स्वतन्त्रताका नाममा
आज
साङ्लोबाट फुकेका
कुकुरहरूको
भेला छ चोकमा ;
तँ छाड, म छाड गरेर
माइक फुकिरहेका !
स्वतन्त्रताको खुसियाली
आदान प्रदान भइरहेको !
स्वतन्त्रता आए पनि
प्राप्ति केही हुन नसके
ठूला ठूलै, साना सानै !
अगाडि जाने क्रममा
झन् पछाडि पर्ने !
एक टुक्रा हाडका लागि
एक-आपसमा लड्ने,
ङ्यार्र ङुर्र गर्दै
लुछालुछ गर्ने
जनयुद्ध छेड्ने !
आखिर,
ठूलो-ठूलो स्वरमा
घाँटी सुकेर
पस्न जानेछन्
उही आफ्नो खोरमा ।
भुक्ने स्वतन्त्रता
पाएका छन् ;
खाने गाँस र बस्ने वासका लागि
फेरि बाँधिने छन् साङ्लोमा ।
ठूला जातका साङ्लामा बाँधिने छन् ;
साना जातका सडक गल्लीमा चाहार्नेछन् ।
स्वतन्त्रताका नाममा सबै भ्रममा पर्नेछन् ;

## ६.६ आँसु

आँसु त हर्षमा पनि
वेदनामा पनि बग्दो रहेछ ।
जीवन त आँसु नै
आँसु पो रहेछ ।
रोएर पनि आँसु
झार्न सक्छ मानिस ।
हाँसेर पनि आँसु
झार्न सक्छ मानिस ।
तर दुःखमा मात्र
किन रुन्छ मानिस ?
उकालो हिँड्दा हिँडदा
थकित भएको मन ।
आफू एक्लो होइन
अर्को पनि बोकेको छ ।
न आँसु न हाँसो
भएको यो शरीर ।
थकानले लखतरान
भएको छ ।
सहन नसकेर आँखाबाट
बलिन्द्र धारा आँसु
खसेको छ ।
लाग्छ आँसु त आफ्नो
कमजोरीको एउटा अंश हो ।
ईश्वरले गरी खाने
दुई हात दिएका थिए ।
लालनपालन गरी
जननीले हुर्काएका थिए ।
तर आज विवशताका
आँसु चुहाएर
मुटुलाई टुकाटुका बनाएर
लाचार अवस्थामा थकित भएर
हिँडिरहेछ अन्धकारमा जीवन !

## ६.७ अर्ती

लट्ठीका भरमा खुट्टा टेकिँदैन
आफू हिँड्न नसके कतै पुगिँदैन ।
अर्काको भरमा पर्दा
जिउँदो लाश होइदोरहेछ ।
गाँस-बास जुटाउन
गाह्रो पर्दो रहेछ ।
आफूले गर्न नसक्दा
बीच बाटो मै अडियो ।
लागेको वचन
मुटुमै गडियो ।
सानो भएर ठूलाको
भर नगर्नू ।
दु:ख सुख आफैँले
केही गर्नू ।
सुखको दास नबन्नू
अर्काको आस नगर्नू ।
अर्काको पछि लागेर नजानू
खोले सिस्नु जे छ
त्यही खानू ।
आफ्नो बाटो आफैँ
हिड्नु पर्ने रहेछ ।
नत्र गन्तव्य स्थानमा
पुगिँदो रहेनछ ।
ठूलो बन्ने रहरमा
सानै बनिँदो रहेछ ।
आफू अघि बढे
अगाडि पुगिन्छ ।
अर्काको पछि लागे
हिलो मै गडिन्छ ।
आफैँ पढे विद्वान् होइन्छ
अर्काको पछि लागे मूर्ख कहिन्छ ।

## ६.८ देश

देशको स्थिति नाजुक भएको छ,
कान्तिले उथल-पुथल ल्याएको छ
सबै ठाउँमा अशान्ति नै अशान्ति छ ।
अब त देशमा शान्ति आयो भनेको
केही दिन भयो मनमा गुनेको
तर खै कहाँ छ शान्ति ?
आजभन्दा भोलि
बन्दको नाममा
अशान्ति फैलिएको छ ।
धुवाँ र धुलोले
फुलेका फूल
वैलाएका छन् ।
भविष्य निर्माण गर्ने हातहरू
निमोठेर फ्याकिएका छन् ।
गाडी गुड्ने सडकहरू
मसानघाट बनेका छन् ।
टायरको धुवाँले
सास फेर्न गाह्रो परेको छ ।
खरानीको थुप्रोले
सडकपेटी भरिएको छ ।
खै केही बुझ्न सकिएन
के खोज्दै छन् यी मानिस ?
देखे पनि नदेखे झैं भएर
मूकदर्शक बनेका आँखाहरू ।
कहाँ गए देश बनाउने नाराहरू ?
कता गए शान्तिका दूत परेवाहरू ?

## ६.९ खै के परिवर्तन भयो ?

परिवर्तनका नाममा,
कति मरे कति मारिए ।
कति रोए कति हाँसे
सुख पाउने आशामा ।
सारा आफन्त गुमाउन पुगे ।
शरीरका अङ्ग गुमाउन पुगे
ज्यानै गुमाउन पुगे ।
मर्ने त मरे बाँच्नेको पनि
मरेकै हाल भयो ।
मीठो खाने आशामा,
लात र वात खानु पऱ्यो
बन्दुकको सिकार बन्नु पऱ्यो ।
मर्नु र मार्नु त केही जस्तो भएन,
बरु कुकुर मारिँदा हकवाला उठ्ला
मान्छे मारिँदा कोही बोल्न सकेन ।
मान्छे त किराफट्याङ्ग्रा मरे झैँ
मारिन थाले परिवर्तनका नाममा ।
नाम फेरियो काम फेरिएन
नेता फेरियो नेतृत्व फेरिएन ।
भाषण फेरियो विकास देखिएन ।
अशान्ति देखियो शान्ति भेटिएन
डर-त्रास देखियो खुसी-हाँसो पाइएन ।
पत्रपत्रिकामा लेखियो,
व्यवहारमा देखिएन ।

## ६.१० विज्ञान

विध्वंस निम्त्याउने विज्ञान
आफू दर्शक बनेर हेरिरहेको छ ।
यसले निर्माण गरेको बम
प्रकृति र मानव उजाड पार्ने
साधन बनेको छ ।
प्रकृतिले हराभरा
डाँडाकाँडा उजाड भएको छ ।
वम खसेको ठाउँमा
जीवजनावरको संकेत छैन ।
पुर्खाले निर्माण गरेका
धरोहर खरानी भएका छन् ।
मानिसको शरीर
क्षत-विक्षत पारेको छ
को हो ? के हो ?
केही चिनिदैन ।
विज्ञानले विकासको नाममा
विनाश ल्याएको छ ।
विज्ञानको सदुपयोग नगरेर
दुरुपयोग गर्ने मानिस
आफैं नाशिएको छ ।
एटम वमको सिको गरेर
कुकर वम, बाल्टिन वम, सुतली वम
जति सामान छन् त्यतिका नाममा
वम निर्माण भएको छ ।
विज्ञान वरदान नभएर
अभिशाप बनेको छ ।

## ६.११ हिमाल

प्रभातमा हिमालका देखेँ दाँतका लहर
हिँड साथी हेर्न जाऊँ बिहानीको प्रहर ।

घामको झुल्को पर्दाखेरि चाँदी झैँ टल्कने
सूर्य अस्त हुँदाखेरि मोती झैँ झल्कने ।

हिउँ जमे पत्थर बन्छ हिँउ पग्ले पानी
हिमालको महिमा गाउन कसले सक्छ नानी ?

हिमालमा हिउँ परे देशै रमाउँछ
विदेशीको आकर्षणले धन कमाउँछ ।

हामी पनि जान सक्छौँ हिमालका माथि
हिमालको नाउँ चलाऊँ विश्वभरि साथी ।

प्रकृतिले दियो हाम्लाई ठूलो उपहार
उपहारलाई जोगाइ राख्ने हाम्रो सरोकार ।

## ६.१२ शुभकामना

शुभकामना दशैं-तिहारको
विद्यार्थी भाइ-बहिनीलाई ।
बुद्धि-विवेक लगाई
पढ्नतिर मन लगाऊन्
पढी लेखी विद्वान्-विदुषी होऊन्
आफ्नो बाटो आफैँले समाऊन् ।
सज्जन बनी नाम कमाऊन्
आफ्नो भविष्य आफैँले चम्काऊन् ।
भनी आशिष दिऊन्
नवदुर्गाले यिनलाई
पढी लेखी भविष्य चिन्नलाई
कुबाटोमा आँखा नजाओस्
दुर्व्यसनमा मन नलागोस् ।
यही आशीष् दिऊन्
नवदुर्गाले यिनलाई ।
अर्काको धनमा र्‍याल नकाढून्
हात पसारेर खान नजानून् ।
अल्छी-पन यिनमा नआओस्
जाँगर उत्साह यिनमा जागोस् ।
चोरी-डकैतीतिर मन नलाऊन्
मिहिनेत गरी धन कमाऊन् ।
यही आशिष दिऊन्
महालक्ष्मीले बालकलाई ।

## ६.१३ सिक

हात पसारेर हैन,
परिश्रम गरेर खान सिक ।
भागेर हैन
भिडेर बाँच्न सिक ।
डराएर हैन
निडर भएर बाँच्न सिक ।
सङ्कुचित भावना लिएर हैन
उदार भावना लिएर बाँच्न सिक ।
लुटेर हैन जुटेर खान सिक ।
दुःखी बनाएर हैन
खुसी बनाएर खान सिक ।
आँसुका धारा चुहाएर हैन
पसिनाका धारा बगाएर खान सिक ।
मोज मस्तीले हैन
दुःखले खान सिक ।
मीठो मात्र हैन
नमीठो पनि खान सिक ।
खान मात्र जुट्ने हैन
काम गर्ने बानी सिक ।
वर्तमानमा मस्त हुने हैन
भविष्यलाई हेर्न सिक ।
अर्काको धनमा ऱ्याल काड्ने हैन
मिहेनेत र परिश्रम गर्न सिक ।
नराम्रो काम हैन
राम्रो काम गर्ने बानी सिक ।

## ६.१४ सजिलो

जिउनुभन्दा त
मर्न सजिलो छ यहाँ ।
धनीलाई भन्दा त
गरिबलाई सुख छ यहाँ ।
असल बन्नु भन्दा त
खराब बन्न सजिलो छ यहाँ ।
बोल्नुभन्दा त
लाटो बन्न बेश छ यहाँ ।
सुन्नुभन्दा त बहिरो बन्न  ठीक छ यहाँ ।
गल्ती देखाउनुभन्दा त
गल्ती गर्न सजिलो छ यहाँ ।
साँचो बोल्नुभन्दा त
झुटो बोल्नु बेस छ यहाँ ।
सज्जन बन्नुभन्दा त
दुर्जन बन्नु ठीक छ यहाँ ।
विद्वान् बन्नुभन्दा त
मूर्ख बन्नै ठीक छ यहाँ ।
सही कुरा बोल्नेलाई
पागल बनाउँछन् यहाँ ।
झुटो बोलेर
सज्जन ठहरिन्छन् यहाँ ।
परिश्रम गर्नेभन्दा
चाकडी चाप्लुसी गर्ने
अगाडि छन् यहाँ ।

## ६.१५ टुहुरा

जन्मेका पनि, टुहुरा बने, जननी गुमाई,
गर्भको शिशु, गर्भमै मर्‍यो, जन्म नै नपाई ।

दरबारभित्र, को पस्यो त्यस्तो, दानव बनेर,
गर्भको शिशु, गर्भमै मार्ने, योजना गमेर ।

गल्ती त कसले, के गर्‍यो होला, कसलाई के थाहा,
ईश्वर भए, बोल्दथ्यो होला, गर्भमै मारिँदा ।

ईश्वर पनि, काँ गयो होला, कुन बाटो भागेर,
दरबारभित्र, राक्षस पस्यो, काल नै जागेर ।

सम्भदा पनि, डर नै लाग्ने, के त्यस्तो घटना,
मानिसको मुटु, मानिसको होइन, बनेछ चट्टान ।

जेठको मैह्ना, असिना झर्‍यो, गड्गड गरेर,
भएका सारा, मरेर गए, गोलीका सिकार ।

आकाश रोयो, धरती रोयो, घटना देखेर,
देश-विदेश रोयो, विश्व नै रोयो, समाचार सुनेर ।

रगत बग्यो, समुद्र सरी, हाडमासु छरियो,
लाशको थुप्रो, लागेर हेर, आर्यघाट भरियो ।

गरेर ठूलो, नरको संहार, चमत्कार देखाए,
मर्ने त मरे, जलेर गए, मार्नेले के पाए ? हर्षमा के खाए ?

## ६.१६ दानब

गोठालाहरू, निदाए क्यार, बाख्रो नै हरायो,
वनको बीचमा, स्याल पनि रोयो, बाघ पनि करायो ।

असारे झरी, परेको बेला, कुहिरोले ढाकेको,
न स्याल रोयो, न बाघ आयो, कसले देखेको !

वनको कोइली, वनमै रोयो, घर नै आएन,
जीवन साथी, कसले लग्यो, थाह नै पाएन ।

घरका दानव, वनमा पसे, सिकार खेल्नलाई,
अर्काको सुख, देखेर होला, निमोठी खानलाई ।

त्यसैले होला, विचरा ! कोइली, रूँदो छ वनमा,
जीवन साथी, कसले लग्यो, सोच्दो हो मनमा ।

मनको पीरलाई, आँसुले धुन्छ, विरही स्वरले,
को हो को ? भनी, उत्तर खोज्छ, पागल मनले ।

ईश्वर भन्ने, निसान छैन, दानवले ढाकेको,
अर्काको ज्यान, पकाइ खान, बन्दुक ताकेको ।

## ६.१७ कर्म

कटहर पाक्यो, नास्पाती पाक्यो, पाकेन बेलको फल,
दु:ख मिहिनेत परिश्रम गरेँ, लागेन त्यसको फल ।

विश्वास गरेँ, मिहिनेत गरेँ, कर्म नै खानलाई,
आँसुका धारा, बगाई हिँडेँ, अगाडि जानलाई ।

हिँडेको बाटो, काँडाले छेक्यो, पन्छाउन सकिन,
आँटेको काम, अपुरै रह्यो, टुङ्ग्याउन सकिन ।

जुन बाटो हिँड्छु, त्यो बाटो रोक्छ, अगाडि पहाड,
भत्काई हिड्ने,सामर्थ्य छैन, कमजोर यी हात ।

जन्मेको सन्तान, कुबाटो लाग्यो, रोक्न नै सकिन,
रोक्ने र छेक्ने, कुन बाटो थियो, देख्न नै सकिन ।

के लेखी दिए, भावीले आई, छैटीका दिनमा,
सम्पूर्ण कोशिस, बगेर गयो, धमिलो पानीमा ।

न भावी उस्तो, न आफू उस्तो, केही थाहा भएन,
गरेको काम, असफल भयो, भावी नै रहेन ।

भाग्यमा पनि, चाहिन्छ भन्ने, विश्वास थिएन,
कर्मले मात्र, अगाडि बढ्न, साथ नै दिएन ।

## ६.१८ बुझ्नै सकिएन

मानिसको मनको कुरा बुझ्नै सकिएन
मानव हुन् कि दानव हुन् चिन्नै सकिएन ।

बाहिरी रूप मानिसको भित्र पशु जस्तो
देख्दा पनि डर लाग्ने हिंस्रक ब्वाँसो जस्तो ।

अघिसरी संगत गर्छ आफू सज्जन बनी
आफूलाई ठूलो ठान्छ ईश्वरै हुँ भनी ।

व्यवहार गर्छ दानवको भन्छ मानव म हुँ
मानिसको चालबाजी म कोसित कहूँ ?

कुरा एउटा गर्छ मानिस काम अर्कै गर्छ
परिआए एक-अर्काको ज्यान लिन सक्छ ।

मानिसले मानिसको विश्वास गर्न छाडे
मानिस नै दानव बनी मानिस मार्न थाले ।

कुरा गर्छन् ठूला-ठूला आफू विद्वान् भनी
ज्यान लिन्छन् मानिसको धनका लागि पनि ।

मानिस हुन् कि दानव हुन् लाग्छ बराबरी
आफुलाई ईश्वर सम्झी बन्छन् दानव सरी ।

## ६.१९ फूल

बगैँचामा फुलिरेछ रङ्गीचङ्गी फूल
भँवरालाई भुलाउने रसरङ्गी फूल ।

त्यही फूलले मानिसको मनै लोभ्याउँछ
चरीवरी-समूहले गीत पनि गाउँछ ।

वसन्तमा फुल्छ फूल शिशिरमा मर्छ
यसलाई जोगाउन मल-जल गर्नुपर्छ ।

फूल नै हो हाम्रो घरको शोभा बढाउने
देवी-देवता सबैलाई खुसी बनाउने ।

गाउँ-सहर सबैतिर फूलकै चल्छ कुरा
फूल बिना शुभ कार्य हुँदैन है पूरा ।

बगैँचामा ढकमक फुलेका छन् फूल
ती फूललाई टिपी त्यसै न गरन भुल ।

फूल टिपे बगैँचाको शोभा हराउँछ
फूलले नै बगैँचाको शोभा बढाउँछ ।

भगवान्को निहुँ पारी न टिपन त्यसलाई
नटिपेर जोगाइ राखे बेस हुन्छ यसलाई ।

लोभी आँखा मानिसको बगैँचामै जान्छ
अर्ती-उपदेश भनेको त कसले पो मान्छ ।

मानिस जस्तो छुच्चो जाति कुनै रहेनछ
आफ्नो आयु पुगुन्जेल फूल भएनछ ।

## ६.२० बागमती

शिवपुरी जङ्गलमा जनावरको बास
चिसो पानी खाएर नै राख्थे आफ्नो सास ।

पहाडबाट जल झऱ्यो छङछङ गरी गरी
जलबिना सारा जन्तु गए  मरी मरी ।

जलले नै आफ्नो बाटो आफैँ खन्दो रेछ
बागमती नाम भनी आफैँ राख्दो रेछ ।

यही नामले संसारमा इज्जत कमाएको
आफ्नो क्षेत्र वरिपरि राज्य जमाएको ।

हरियाली भयो सारा किसान रमाएको
यही जलले सिंचाइ गरी अन्न फलाएको ।

बाग्मतीको वरिपरि थियो स्वर्ग सरी
नाच्थे अरे याहीँ आई स्वर्गङ्गाका परी ।

बाग्मतीको किनार जति सबै तीर्थ मानी
हाम्रा पुर्खा गीत गाउँथे स्वर्ग यही ठानी ।

अतीतका सबै कुरा दन्त्य कथा माने
फोहोर फाल्ने कन्टेनर नदी नाला छाने ।

मानिस पसे बाग्मकतीको ठूलो शत्रु बनी
ट्वाइलेट फ्याके वरिपरि ढल खनी खनी ।

भित्रभित्रै बागमती आफैँ जलि रा छ
मानिसको मल-मूत्रले जल सडी रा छ ।

कली युगका मानिसलाई कुबुद्धिले छोयो
मानिसको पाप बोक्दा बागमती नै रोयो ।

प्रकृतिलाई मास्ने मानिस आफैँ नासिँदै छ
पिउँने पानी नपाएर नारा लाउँदै छ ।

## ६.२१ कुलत

कहाँबाट उब्ज्यो होला, गाँजा भाङ भन्ने ?
कुन पुर्खाले बानी लायो, जाड रक्सी खाने ?

जाड रक्सी खायो भने, मन जल्नेछ है
गाँजा भाङ चुरोटले, फोक्सो डढ्नेछ है ।

खानु हुन्न चुरोट रक्सी, ज्यानको जोखिम है
टी.बी. क्यान्सर लागेर नि, बच्न सकिन्न है ।

नखाऊ न भाइ बहिनी, देख्दै घिन लाग्ने
समाजका लागि पनि, काल भई जाग्ने ।

एकले खाँदा अर्कालाई, लाग्न सक्छ रोग
ईश्वरले दिए शरीर, आयुसम्म भोग ।

समाजको घृणित पात्र, बन्नु हुन्न भाइ
जानी जानी गाँजा भाङ, जाड रक्सी खाई ।

मुख, ओठ, दाँत, गिजा, सबै पार्छ कालो
शरीरभित्र रोगले नै, बनाउँछ जालो ।

आफ्नो शरीर आफैँले नै, आगो न लगाऊ
दुर्व्यसन त्याग्न सक्छौ, राम्रो इलम समाऊ ।

देश बनाउने हातले हेर, चुरोट न समाऊ
सडी गली त्यसै तिमी, विनाश न होऊ ।

अर्ती अनि उपदेश, सबको मान्नु पर्छ
सुभविष्य बनाउन, कुलत छाड्नु पर्छ ।

## ६.२२ अंश

खोजेका छन् नेपाललाई भाग वन्डा गर्न
नेपाल र नेपालीको अस्तित्व नै हर्न ।

पितृ-धन होइन देश भाइ-अंश लाग्ने
स्वतन्त्रको नाममा आफ्नो देश सखाप पार्ने ।

देशका जनता गाँस, बास, कपास खोज्दैछन्
आफ्नो ज्यानको सुरक्षाको बाटो नि रोज्दैछन् ।

जनताको भावनालाई न लत्याई भन
कहाँबाट उब्जियो देश टुक्र्याउने मन ?

कुन गुरुले दिए शिक्षा देश टुक्र्याउने
जात-जाति भाषा-भाषी गाउँ-गाउँ छुट्याउने ।

राज्य पाउने झुटो आशा किन दिइह्राछन्
सोझा-सिधा जनतालाई भ्रममा पारी ह्राछन् ।

देश टुक्रे हामी हुन्नौं थाहा भकै कुरा
संघीयता नाम दिई किन भुल्छौ पूरा ।

तराई फाँट शत्रु पसे सबै लुटिनेछ
सगरमाथा नेपालको नामै मासिनेछ ।

एक टुका मासुमा नि किन लड्छौ भाइ
विकास गरौं नेपालको एकै जुट भई ।

## ६.२३ जन्मभूमि

चौताराका वरपीपल, आज कता गए
संस्कार र संस्कृतिले, अर्कै रुप लिए ।

विदेशका रहनसहन, स्वदेश भित्रिए
नेपालीले आफ्नो पनको, नामै त बिर्सिए ।

दुःख सुख जे भए नि, देशकै सेवा गर
विदेशीको दास बनी, स्वदेश न छोड ।

देश रहे हामी हुन्छौँ, माटो रहे पानी
नेपाली नै बन्न सिक, गरीब भए पनि ।

मिहिनेतको साग सिस्नो, मीठै हुने ह्वैछ
विदेशीको दास बने, स्वदेश रुने ह्वैछ ।

आफ्नो देश, आफ्नो धर्ती, अनि आफ्नो माटो
सपारेर खन्नु पर्छ, स्वर्ग जाने बाटो ।

रोगी बन्छौ विदेशीको, सेवा गरेर त
ज्यानै त्याग्छौ तिमी धनको, लोभमा परेर त ।

रोगी बनी फर्की आउँछौ, देश भनेर नै
जन्मभूमि आफ्नै भनी, दाबी गरेर है ।

सन्तानको चालबाजी, धर्ती देख्ने छ है
दश धारा दूधले नि, बाटो छेक्नेछ है ।

यही देशमा पसिनाका, धारा बगाउनु छ
सन्तान भई जननीलाई, गुन लगाउनु छ ।

यै हो हाम्रो जन्म-भूमि, यै हो हाम्रो स्वर्ग
यही हाम्रो कर्म-भूमि, गर्नु पर्छ गर्व ।

## ६.२४ न लडौँ हामी

नलडौँ न नेपाली दाजु-भाइ
मर्नु हैन ज्युनु छ हामीलाई ॥

आफू-आफू लडेदेखि शत्रु हाँस्नेछन् है
नेपाल र नेपालीको नामै मास्नेछन् है ॥

जानी जानी दाजुभाइ किन लडेको हो
हामी सारा यौटै सन्तान किन मारेको हो ॥

नाङ्गै आउँछौँ नाङ्गै जान्छौँ लानु केही छैन
बाँचुन्जेल खानु लाउनु साथ जाने हैन ॥

साना-ठूला जो भए नि नेपाली नै बनौँ
भाइ-भाइ मिलिजुली नेपाललाई जोगाऊँ ॥

सबै जुटे विकास हुन्छ देशको समुन्नति
सबै फुटे देश गुम्छ कस्तो होला गति ॥

भाइ फुटे गँवार लुटे भन्ने उक्तिलाई
एक चोटी मनन गरौँ सबै जुक्ती लाई ॥

उत्तर-दक्षिण सीमानामा शत्रु नाच्ने गर्छन्
नेपाल र नेपालीको नामै मास्ने हुन्छन् ॥

जानी-जानी आफू-आफू लड्नु हुन्न हामी
देश रहे हामी हुन्छौँ बन्छौँ सारा नामी ॥

## ६.२५ समय

बगेको खोला फर्कँदैन
समयले हामीलाई पर्खँदैन ।

समय बितेको पत्तै हुँदैन
आजको दिन भोलि आउँदैन ।

समयको महत्व बुझ्नै पर्छ
नत्र जीवन पात भएर झर्छ ।

बालक काल तिम्रो फेरि फर्कदैन
उमेरले तिमीलाई पर्खँदैन ।

विद्यार्थी जीवन फर्की आउँदैन
स्कुले पोसाक तिम्लाई सुहाउँदैन ।

घन्टीले तिम्रो स्वागत गर्दैन
देख्नेलाई पनि मन पर्दैन ।

किताब, कापी, कलम हुन् तिम्रा साथी
पढेलेखे सबैको होइन्छ जाती ।

पढ्ने लेख्ने समय खेर नफाल
अन्जानमा पनि कुबाटो नलाग ।

## सन्दर्भ सामाग्री


१. उपाध्याय, केशवप्रसाद (२०३०), **साहित्य प्रकाश**, काठमाडौँ : साझा प्रकाशन ।

२. खनाल, यदुनाथ (२००३), **छन्द,"समालोचनाको सिद्धान्त"**, काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

३. गैरे, ईश्वरीप्रसाद र आचार्य कृष्णप्रसाद (२०५९), **आधुनिक नेपाली नाटक र कविता**, काठमाडौँ न्युहिराबुक्स, कीर्तिपुर, प्रकाशन ।

४. घिमिरे, माधवप्रसाद (२०२३ वर्षा ), **सम्पादकीय कवितातत्व**, 'कविता' ३:३ ।

५. थापा, हिमांशु (२०३६), **साहित्य परिचय**, काठमाडौँ : साझा प्रकाशन ।

६. देवकोटा, लक्ष्मीप्रसाद (२०३९), **लक्ष्मी निबन्ध सङ्ग्रह**, काठमाडौँ : साझा प्रकाशन । (१९९२) , **मुनामदन**, काठमाडौँ : प्रकाशन ।

७. पोखरेल, भानुभक्त (२०४०), **सिद्धान्त र साहित्य**, विराटनगर : प्रकाशन ।

८. शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०४० ), **साहित्य इतिहास**, काठमाडौँ :साझा प्रकाशन ।

९. सम, बालकृष्ण (२०१२ ), **आगो र पानी** , काठमाडौँ , प्रकाशक : श्री नयपाल राज्यलक्ष्मी शाह ।

# यात्री

एउटा यात्री

आफ्नो गन्तव्य स्थानमा पुग्न

यात्रा गर्छ

यात्रुबाहक बस चढेर ।

यात्रुहरूले भरिभराउ बस

पूर्व-पश्चिम राजमार्ग हुँदै गुड्छ

आफ्नो गन्तव्य स्थानमा पुग्न ।

अन्धकार रात ! सुनसान जङ्गल !

बीच बाटोमा एउटा पोको

बोक्ने यात्री,

सडकमा टक्क अडिएर

गाडी रोक्छ,

आफ्नो यात्रा गर्न

चुपचाप गाडी चढ्छ ।

गाडी आफ्नो रफ्तार बढाउँछ ।

केही समय पछि,

त्यो यात्री ओर्लन्छ

पोको छाडेर ;

पोको अचानक

आफैँ पड्कन्छ

बम बनेर ।

समस्त यात्रीहरूको

यात्रा समाप्त हुन्छ

खरानी बनेर ।

कुनै पनि यात्री आफ्नो यात्रा सम्पन्न गर्न द्रुत यानमा चढ्छ । कविता पनि यस्तै छ । एक-एक गरेर बसमा यात्रुहरू भरिन्छन् । सुनसान राजमार्गमा जङ्गलका बीच बस गुडिरहेका बेला सडकमा पोको देखिन्छ । त्यसलाई बोक्ने मानिस उभिएर गाडी रोक्छ । सरल रूपमा लिँदा यात्रु गाडी चढेको देखिन्छ, तर केही समयको रफ्तारमै त्यो ओर्लिन्छ । आतङ्क मचाउन उसले छाडेको बमको पोको पड्कन्छ । यानमा यात्रा गर्ने सम्पूर्ण यात्रीको जीवनकै यात्रा समाप्त हुन्छ ।

यस प्रकार कविताको सामान्य सरल अर्थले नेपाल लगायत विश्वकै विभिन्न द्वन्द्वग्रस्त मुलुकमा घटित घटनासँग मेल राख्न सक्छ तापनि राजमार्गको परिवेशको उल्लेखले विशेषत : नेपाली भूमि आतङ्कित बनेको देखाइएको छ ।

यहाँ बमको पोको छोडेर गाडीबाट निस्कनु, बम पड्कनु, खरानी बनेर यात्रा समाप्त हुनु यी तीन घटनाको एकत्रित सङ्गतिले अर्थसङ्गति हुन्छ । पहिला दुइटा घटना-गाडीमा बम छोड्नु र पड्क्नुका कारण सम्पूर्ण खरानी बन्नु वा जीवनयात्रा समाप्त हुनु- रूप कार्य भएको छ । यी बसयात्री र घटनाहरू चलचित्रका दृश्य झैँ मानसपटमा उत्रन्छन् । यस प्रकारले विचार गर्दा यो दृश्यात्मक कविता बन्न पुगेको छ ।

हिंसात्मक समसामयिक द्वन्द्वात्मक स्थिति प्रतिको व्यञ्जनात्मक अभिव्यक्ति रहेको प्रस्तुत कवितामा सार्वजनिक सामाजिक जीवनका वा सर्वसाधारणका रूपमा जीवन बिताइरहेका मानिस आकस्मिक रूपमा यात्राको बीच बाटोमै हिंसाजन्य दुर्घटनामा सामूहिक रूपले परेको भन्ने यथार्थताको व्यङ्ग्य विरोध प्रष्ट रूपमा झल्कन्छ । जुन हिंसात्मक समसामयिक द्वन्द्वमय स्थितिका आधारमा मूर्त रूपमा व्यङ्ग्यात्मक भाव व्यक्तिएको कविता हो ।